‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २१९ ★ ने. सं. ११४६ गुँला गा, द्वितीया ★ आइतबार ★ १४ भदौ, २०८३ ★ August 30, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



**भोटेकोसी बाढी: ‘ड्रिलिङ’ गरी त्रिशुली ‘थ्रि-ए’ को सुरुङ पत्ता लगाइँदै**
रसुवास्थित त्रिशुली नदीमा आएको बाढीका कारण त्रिशुली ‘थ्रि-ए’ जलविद्युत् आयोजनाको सुरुङमा फसेका व्यक्तिको उद्धारका लागि ‘ड्रिलिङ’ गर्ने काम गरिँदै । नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले अहिले सुरुङको बाहिरी भाग पत्ता लगाउने काम गरिरहेको छ । *तस्बिर सौजन्य: नेपाली सेना/रासस*

# त्रिशुली–३ को सुरुङबाट विदेशीसहित २०८ को उद्धार

काठमाडौँ १३ भदौ । रसुवाको भोटेकोसी बाढीका कारण प्रभावितहरूको उद्धारका क्रममा नेपाली सेनाका हेलिकप्टरद्वारा शनिबार दिउँसोसम्म ४३ विदेशीसहित २०८ नागरिक त्रिशुली-३ जलविद्युत् आयोजनाको सुरुङबाट उद्धार गरिएको छ ।

सुरुङमा रहेका ३८ चिनियाँ र पाँच भारतीयसहित २०८ जनाको उद्धार गरिएको नेपाली सेनाले जनाएको छ । उद्धारका लागि रहेको संयुक्त टोलीले ‘ड्रिलिङ मेसिन’ लगायत सामग्रीको प्रयोग गरी सुरुङको बाहिरी भाग पत्ता लगाउने प्रयास भइरहेको जनाइएको छ ।

साथै, प्रभावित जिल्ला रसुवा, नुवाकोट, धादिङलगायत नेपाली सेनाको करिब सात हजार भन्दा बढी फौज खटिई समन्वयात्मक रूपमा घाइतेहरूको खोज तथा उद्धार कार्य, आपत्कालीन उपचार तथा शव व्यवस्थापन कार्य भइरहेको सेनाले जनाएको छ ।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- भदौ १० गतेको विनाशकारी भेलबाढीयता रसुवा जिल्ला विच्छेद अवस्थामा पुगेको र भदौ १२ गते शुक्रबारमात्र हेलिकप्टरबाट केही स्वास्थ्य सामग्री त्यहाँ पुगेको स्थानीय जनताको गुनासो सार्वजनिक भयो । धादिङ सदरमुकाम धादिङवेसी राष्ट्रिय राजमार्गबाट विच्छेद भएको छ । गल्छीदेखि मलेखु क्षेत्रका तीन ओटा पुल पनि बाढीले बगाएको छ । गाउँमा उत्पादन भएको तरकारी र फलफूल बजार पुऱ्याउन नसकेर बिग्रिएको सार्वजनिक भयो । स्थानीयले रोकिएका यात्रुलाई २० घरीभन्दा बढी केरा बाँडिसकेको र काठमाडौँतर्फ उपचारमा पुग्नुपर्ने बिरामी अलपत्र रहेको सार्वजनिक भयो ।
- भोटेकोसी नदीले बगाएर ल्याएका शव रसुवा, नुवाकोट, धादिङ, तनहुँ, गोरखा, चितवन, नवलपरासीपूर्व र नवलपरासी पश्चिमका नदी तटीय क्षेत्रमा भेटिने क्रम बढेको र शुक्रबार अपराह्न ४ बजेसम्म भेटिएका शवको सङ्ख्या पोस्टमार्टम गर्ने जनशक्ति भए पनि फरेन्सिक जाँच गर्ने जनशक्ति नभएको शवगृहमा १० दिनदेखि २ सातासम्म माइनस डिग्री तापक्रममा राख्नुपर्ने अवस्था भएको, पोखरामै यो सुविधा उपलब्ध नभएको, भरतपुरको सडक छेउमा अस्थायी शव व्यवस्थापन केन्द्र बाहिर आफन्तहरूले ट्याटु, लकेट, कपडा, औँठाछाप वा डीएनएबाट शव पहिचान गर्नुपर्ने अवस्था भएको सार्वजनिक भयो ।
- नेपाल विपद् प्रतिवेदनअनुसार सन् २०१८ देखि २०१४ सम्म ३२ हजार ३७५ विपद्का घटना अभिलेख भएका छन् । १८ वर्षअघि कोसीको विपदमा ३ हजारभन्दा बढी नेपालीको ज्यान गएको थियो । २०७१ सालमा सिन्धुपाल्चोकको जुरे, सुदूरपश्चिमको कर्णाली तथा बबईलगायत नदीमा बाढी, २०७२ साल फागुन १२ को भूकम्प, २०७४ सालको बाढीले ३१ जिल्ला प्रभावित भई जनधनको क्षति भयो । २०७५ सालमा सुदूरपश्चिम र कर्णालीमा बाढी, २०८० सालमा जाजरकोट भूकम्प, २०८२ सालमा इलाममा बाढीलगायत विपत्तिमा जनधनको क्षति भयो । यो अवधिमा सरकारहरू धेरै गठन, विगठन, निर्वाचित भए तर कुनै पनि सरकार विपद् व्यवस्थापनमा सफल भएन, ‘गाँसे गुसे एकै नासे’ ।
- भोटेकोसी भेलबाढी पीडितको उद्धारमा नेपाल प्रहरीका ४,४७३, नेपाली सेनाका ६,७५५ र सशस्त्र प्रहरी बल नेपालका ४,२०३ गरी १५,४३१ सुरक्षाकर्मी परिचालन गरिएको सार्वजनिक भयो । तर, हजारौँ मानिस बाढीका कारण सम्पर्कविहीन अवस्थामा छन् भने १३ वटा जलविद्युत् आयोजनाका ९३६ कर्मचारी-कामदार पनि सम्पर्कविहीन अवस्थामा छन् । फेला परेका, बाढीले बगाएका कतिपय शवको आधा शरीर, हातखुट्टा वा अन्य अङ्गमात्र भेटिएको अवस्था छ ।

*बाँकी पृष्ठ ८ मा*

# जात्रा, संस्कृति र सम्पदा संरक्षण गर्नु आवश्यक



भक्तपुर, १३ भदौ । ऐतिहासिक, सामाजिक, सांस्कृतिक र राजनीतिक हिसाबले महत्त्व रहेको यस वर्षको सापारु (गाईजात्रा) सुरु भएको छ । स्थानीयदेखि केन्द्रसम्मको कमी कमजोरी औँल्याउने र घोचपेच हुने यो व्यङ्ग्य जात्रा पनि हो । ‘नाचगानको राजधानी’ भनिएको भक्तपुरमा यो पर्वमा घिन्ताङघिसीमात्र होइन यहाँ रहेका परम्परागत नाचगानहरू पनि प्रदर्शन हुन्छ । यसकारण, यो जात्रा उपदेशमूलक, शिक्षामूलक र मनोरञ्जनात्मक पनि हुन्छ । यहाँको आफ्नै किसिमको नाचगानको शैली, व्यङ्ग्य प्रस्तुति र घिन्ताङघिसी प्रदर्शन हेर्न सापारुको दिन बाहिरबाट हजारौँ मान्छे आउँछन् र हेरेर जान्छन् । अतः जात्रालाई अझ व्यवस्थित गर्ने, अनुशासित ढङ्गले प्रस्तुत गर्ने र उच्छृङ्खल क्रियाकलापलाई निरुत्साही पार्ने काम गर्नुपर्छ ।

सापारुलाई व्यवस्थित र अनुशासित बनाउन भक्तपुर नगरपालिकाले एक प्रभात फेरी गऱ्यो । पर्व मनाउन बाधा हुने गरी बाटामा वारपार गरिएको तारको व्यवस्थापन गर्न, सडकमा थुपारिएको माटो हटाउन, जथाभावी पार्किङ नगर्न आदि आग्रहका साथ भएको सो ऱ्यालीमा नयाँ पिँढीको उपस्थिति सकारात्मक रह्यो । यहाँको पर्व, संस्कृति र संस्कार नयाँ पुस्तामाझ पुऱ्याउने लक्ष्य पनि सो ऱ्यालीको रहेको छ । जात्रामा कुनै पनि उच्छृङ्खल गतिविधि हुन नदिन, भक्तपुरको मौलिक जात्रा सहज ढङ्गले सम्पन्न गर्न, जात्रा स्थलमा सवारी साधन नराख्न, मादक पदार्थ सेवन नगर्न, संस्कृति मनाउन तर विकृति नफैलाउन, सडकको पेटीपेटी र बाटोमा पसल नराख्न पनि भनपाले आग्रह गरेको छ । जात्रा या संस्कृतिको नाउँमा हुने विकृति या पहिलेदेखिको चल्दै आएको मान्यताविपरीत प्रदर्शन नगर्न र नगराउनु पनि ऱ्यालीको ध्येय रहेको छ ।

सापारु देशभरका नागरिकहरूले अवलोकन गर्ने साझा पर्व हो । देशभरिका नागरिकहरू जात्राको साथै जीवित सङ्ग्रहालयको रूपमा परिचित सुन्दर भक्तपुर नगरको स्थिति बुझ्न पनि यस पर्वमा आउँछन् । यस पर्व अवलोकन गर्न स्वदेशी तथा विदेशी आगन्तुकहरू आउने हुँदा धेरै थोरै यहाँको आयआर्जन पनि हुन्छ । जात्रा आकर्षित भए पछिल्ला दिन पनि उनीहरू यहाँ आउनेछन् र यहाँको आयस्रोत बढ्नेछ । यहाँको जात्रा, पर्व, संस्कार, संस्कृतिबारे नयाँ पुस्तामाझ पुऱ्याउन र त्यसबारे सुसूचित गराउन भक्तपुर नगरपालिकाले पाठ्यपुस्तक तयार गरेको छ । यो सकारात्मक पक्ष हो । यही पर्वमा प्रस्तुत हुने परम्परागत नाचगान तथा आधुनिक विधामा भनपाले पुरस्कृत गर्ने व्यवस्था गरेको छ । त्यसको लागि नपाले विभिन्न ठाउँमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको छ । यहाँका कुनै नाचगान लोप नहोस्, नाचगान नयाँ पुस्तामा हस्तान्तरण गर्न र गराउन तथा नाचगानको लागि आवश्यक पोशाक, गहना, वाद्यवादनको व्यवस्था होस् भन्ने ध्येय नपाको रहेको छ । यो अर्को सकारात्मक पक्ष हो ।

*बाँकी पृष्ठ ८ मा*

**व्यङ्ग्यचित्र कुनो**



# सापारुमा देखिएका घिन्ताङघिसीका केही झलक






















तस्विर : दिनेश खड्गी/श्रीराम कासिछ्वा/मजदुर दैनिक

## सङ्क्षिप्त समाचार

### त्रिशुली 'थ्रि-ए' सुरुङमा फसेकाको उद्धारका लागि 'ड्रिलिङ' सुरु

काठमाडौँ, १३ भदौ । नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको संयुक्त टोलीले त्रिशूली 'थ्रि-ए' जलविद्युत् आयोजनाको सुरुङमा फसेकाको उद्धारका लागि 'ड्रिलिङ' सुरु गरेको छ ।

सुरुङको बाहिरी भाग पत्ता लगाउने उद्देश्यले 'ड्रिलिङ' सुरु गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

यही भदौ १० गते आएको बाढीका कारण सुरुङभित्र फसेका नागरिकको उद्धारका लागि शुक्रबारदेखि सुरक्षाकर्मीको संयुक्त टोली प्रभावित क्षेत्रमा परिचालित छ । उक्त क्षेत्रमा ६२ सैनिकसहित सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीका ८२ सुरक्षाकर्मी खटिएका निर्देशनालयले जनाएको छ ।

प्रभावित जिल्लामा करिब सात हजारभन्दा बढी सैनिक परिचालन गरी घाइतेको खोज तथा उद्धार, आपत्कालीन उपचार, राहत सामग्री वितरण तथा शव व्यवस्थापनको काम भइरहेको सेनाले जनाएको छ । *(रासस)*

### सडक सञ्जालमा पुनः जोडियो रसुवा

काठमाडौँ, १३ भदौ । भोटेकोसी नदीमा बुधबार बिहान अचानक आएको बाढीका कारण अवरुद्ध भएको रसुवाको सडक सञ्जाल पुनः सञ्चालनमा आएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार काठमाडौँ-टोखा-छहरे-गङ्खारपुल-आप्र-नर्जा-लच्याङ-सरमथली-पाटीखर्क हुँदै बोगटीटार-कालिकास्थान-धुन्चेसम्मको सडकखण्डमा चारपाङ्ग्रे साना सवारीसाधन चलाउन मिल्ने गरी सडक सञ्चालनमा आएको हो ।

उक्त खण्ड सञ्चालनमा आएसँगै रसुवा पुनः सडक सञ्जालसँग जोडिएको प्राधिकरणले जनाएको छ । सडक सम्पर्क पुनःस्थापित भएपछि बाढी प्रभावित क्षेत्रमा राहत, उद्धार तथा अत्यावश्यक सामग्री पुऱ्याउन सहज हुने अपेक्षा गरिएको छ । भोटेकोसी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत जिल्लामा ठूलो जनधनको क्षति भएको छ ।

बाढीका कारण सयौँको मृत्यु हुनुका साथै हजारौँको सङ्ख्यामा नागरिक सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन तथा प्रभावित नागरिकको खोजी तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सुरक्षा निकाय तथा सम्बन्धित सरोकार भएका निकाय परिचालन भएका छन् । प्रभावित क्षेत्रमा उद्धार, खोजी तथा राहत वितरण कार्यलाई निरन्तरता दिइएको छ । *(रासस)*

### भोटेकोसी बाढीका सात घाइतेको आईसीयूमा उपचार

काठमाडौँ, १३ भदौ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा भोटेकोसी बाढीमा परी घाइते भएका सात जनाको आईसीयूमा राखेर उपचार भइरहेको छ ।

अस्पतालका प्रवक्ता डा. गोपाल सेढाईंका अनुसार अस्पतालमा उपचाररत २९ जनामध्ये सात जनाको आईसीयूमा उपचार भइरहेको छ । उपचाररत छ जनालाई डिस्चार्ज गरिएको तथा एक जनाको उपचारका क्रममा मृत्यु भएको उहाँले बताउनुभयो । अस्पतालका अनुसार आईसीयूमा उपचाररतमा अशोक श्रेष्ठ, बालबहादुर घर्ती, मीनबहादुर श्रेष्ठ, पवित्र कार्की, पेमा तामाङ, राजेन्द्र भट्ट र महेश्वर शाह रहेका छन् ।

त्यस्तै, उपचारपछि डिस्चार्ज हुनेमा गिरीलाल बुढाथोकी, कर्मा योन्जन नगरकोटी, निम दोर्जे शेर्पा, रूपक रोका, सुजन बस्नेत र सुशान्त श्रेष्ठ रहेका छन् । उपचारका क्रममा २५ वर्षीय कुशल मगरको मृत्यु भएको अस्पतालले जनाएको छ ।

अन्य घाइतेको अर्थोपेडिक, ईएनटी तथा अब्जरभेसन वार्डमा राखेर उपचार भइरहेको प्रवक्ता डा. सेढाईंले बताउनुभयो । *(रासस)*

### धुन्चेमा रोकिएका बाढी प्रभावितलाई वैकल्पिक मार्गबाट काठमाडौँ ल्याइँदै

काठमाडौँ, १३ भदौ । उद्धारको प्रतीक्षामा रसुवाको सदरमुकाम धुन्चेमा रोकिएका बाढी प्रभावितलाई वाग्मती प्रदेश सरकारले वैकल्पिक मार्ग प्रयोग गरी काठमाडौँ ल्याउने व्यवस्था मिलाएको छ ।

हवाइमार्गबाट तत्काल उद्धार सम्भव नभएपछि प्रदेश सरकारले सडक तथा पैदलमार्गको विकल्प प्रयोग गरी अलपत्र नागरिकलाई सुरक्षितरूपमा काठमाडौँ ल्याउन थालेको हो ।

वाग्मती प्रदेशका मुख्यमन्त्री किरण थापाका अनुसार धुन्चेमा रोकिएका नागरिकका लागि प्रदेश सरकारले त्यहीँ खाना खुवाउने व्यवस्था गरेको छ । खाना खुवाएपछि उनीहरूलाई गाडीमार्फत महावीरसम्म पुऱ्याइनेछ । महावीरबाट करिब एक घण्टा पैदल हिँडेपछि चौगटी पुगिने र त्यहाँबाट काठमाडौँ ल्याइने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

यसका लागि प्रदेश सरकारले निःशुल्क ४५ वटा बसको व्यवस्था गरेको छ । धुन्चेसँगै चौगटीमा समेत सर्वसाधारणका लागि खानाको व्यवस्था प्रदेश सरकारले नै मिलाएको छ । उद्धारको प्रतीक्षामा रहेका नागरिकलाई बाटोमा खानपानलगायतका आधारभूत समस्या नहोस् भन्ने उद्देश्यले आवश्यक व्यवस्थापन गरिएको जनाइएको छ । प्रदेश सरकारले त्रिशूली पारिको क्षेत्रमा अवरुद्ध मध्यपहाडी लोकमार्ग सफा गरी यातायात सञ्चालनमा ल्याउने प्रयाससमेत अघि बढाएको जनाएको छ । *(रासस)*



**खोज तथा उद्धार कार्य**
भोटेकोसी-त्रिशुलीमा भदौ १० गते आएको बाढीले क्षतिग्रस्त कृषि विकास बैङ्कको त्रिशुली शाखा कार्यालयमा खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै सुरक्षाकर्मी र उद्धार टोली । *तस्विर: प्रदीपराज वन्त/रासस*

## त्रिशुली बाढीको कहर : नुवाकोटमा ५१ को मृत्यु, ४०५ बेपत्ता

काठमाडौँ, १३ भदौ । त्रिशूली नदीमा भदौ १० गते आएको भीषण बाढीका कारण नुवाकोटमा ठूलो मानवीय तथा भौतिक क्षति भएको छ । जिल्ला प्रशासन कार्यालय नुवाकोटका अनुसार शनिबार बिहान ७ बजेसम्म प्राप्त विवरणमा बाढीमा परी ५१ जनाको मृत्यु भएको छ भने ४०५ जना बेपत्ता छन् ।

प्रशासनका अनुसार मृत्यु भएका ५१ जनाको शव प्राप्त भए पनि हालसम्म सनाखत हुन सकेको छैन । बाढीमा परी ४० जना घाइते भएका छन् । बेपत्ताको सङ्ख्या आफन्त तथा परिवारजनबाट जिल्ला प्रशासन कार्यालयमा प्राप्त सूचनाका आधारमा कायम गरिएको हो ।

बाढीबाट विदुर नगरपालिका, बेलकोटगढी नगरपालिका, तारकेश्वर गाउँपालिका र किस्पाङ गाउँपालिका बढी प्रभावित भएका छन् । विदुर नगरपालिकाका वडा नं १, २, ४, ५, ७, १० र १२, बेलकोटगढी नगरपालिकाका वडा नं ५, ७, ८ र ९ तथा किस्पाङ गाउँपालिका-५ को शान्तिबजार क्षेत्र मुख्य प्रभावित क्षेत्रका रूपमा रहेका छन् ।

बाढीले जिल्लाका करिब ७०० देखि ८०० निजी घरमा क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ । क्षतिको यकिन विवरण सङ्कलन गर्ने काम भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

बाढीबाट आठ सरकारी कार्यालयका भवनमा क्षति पुगेको छ भने कृषि विकास बैंकको भवनसमेत प्रभावित भएको छ । त्यस्तै, तीन जलविद्युत् गृह र चार विद्यालयमा आंशिक क्षति पुगेको छ । क्षति पुगेका विद्यालयमध्ये एउटा सरकारी र तीन निजी रहेका छन् ।

सडक तथा पुल संरचनामा पनि बाढीले ठूलो क्षति पुऱ्याएको छ । हालसम्म १५ पक्की पुल र नौ झोलुङ्गे पुलमा क्षति पुगेको विवरण प्राप्त भएको प्रशासनले जनाएको छ । बाढीका कारण गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ । सडक अवरुद्ध हुँदा प्रभावित क्षेत्रमा राहत तथा उद्धार सामग्री पुऱ्याउन र आवतजावत सहज बनाउन चुनौती थपिएको छ ।

बाढीले केन्द्रीय कारागार नुवाकोटको संरचनामा समेत क्षति पुऱ्याएको छ । कारागारका खम्बा तथा कम्पाउण्ड पर्खाल बगाउनुका साथै केही भाग पुरिएको र कार्यालय भवनको भुइँतल्लासमेत बाढीले पुरेको प्रशासनले जनाएको छ । कारागारमा रहेका कैदीबन्दी भने सुरक्षित रहेको प्रशासनले स्पष्ट पारेको छ ।

बाढीपछि उद्धार कार्यलाई तीव्रता दिइएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार हालसम्म हेलिकप्टरमार्फत एक हजार ८२३ जना र स्थलमार्गबाट ८५ जनाको उद्धार गरिएको छ ।

बाढी प्रभावित तथा विस्थापित नागरिकलाई जिल्लाका विभिन्न स्थानमा स्थापना गरिएका आश्रयस्थलमा राखिएको छ । हालसम्म ७९१ जनालाई विभिन्न आश्रयस्थलमा व्यवस्थापन गरिएको प्रशासनले जनाएको छ । कतिपय प्रभावित नागरिक आफन्तको घरमा आश्रय लिइरहेकाले आवश्यकताअनुसार उनीहरूलाई समेत आश्रयस्थलमा व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको प्रशासनले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय नुवाकोटले बाढी तथा पहिरोको जोखिम अझै कायम रहेकाले नदी तटीय तथा अन्य जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकलाई उच्च सतर्कता अपनाउन विज्ञप्तिमार्फत आग्रह गरेको छ । प्रशासनले सङ्कटको यस घडीमा धैर्य कायम राख्दै सुरक्षित स्थानमा बस्नसमेत अनुरोध गरेको छ ।

उद्धार तथा राहत कार्यलाई थप प्रभावकारी बनाउन स्थानीय तह, राजनीतिक दल, विभिन्न सङ्घसंस्था, नेपाल रेडक्रस, सञ्चारकर्मी तथा आम नागरिकलाई समन्वय र सहयोगका लागि प्रशासनले अपिल गरेको छ ।

उपलब्ध स्रोत-साधनलाई प्रभावकारी रूपमा परिचालन गर्दै प्रभावित नागरिकको खोजी, उद्धार, उपचार तथा आश्रय व्यवस्थापनलाई प्राथमिकतामा राखिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । *(रासस)*

## भोटेकोसी बाढीः मधेस प्रदेशका हराइरहेकामध्ये २२ जना सम्पर्कमा

जनकपुरधाम, १३ भदौ । रसुवाको भोटेकोसी नदी आएको बाढीपछि हराइरहेका मधेस प्रदेशका १७१ जनामध्ये आजसम्म २२ जना परिवारको सम्पर्कमा आएका छन् । मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर प्रदेशका १७१ जना हराइरहेकामा आजसम्म टेलिफोनमार्फत २२ जना सम्पर्कमा आएका छन् ।

हालसम्म सप्तरीका ४५, पर्साका ३९, रौतहटका १७, बाराका २३, सर्लाहीका १५, महोत्तरीका १७, धनुषाका पाँच र सिरहाका १० जना सम्पर्कविहीन रहेका विवरण प्राप्त भएको वरिष्ठ प्रहरी उपरीक्षक ढकालले जानकारी दिनुभयो ।

सम्पर्कविहीनमध्ये शनिबार बिहानसम्ममा पर्साको पोखरिया नगरपालिका-५ का ओजिर अन्सारी, वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, बाराको कलैया उपमहानगरपालिका-२२ का सत्यम राम, जितपुर सिमरा उपमहानगरपालिका-१२ का रोजितकुमार साह, स्वर्ण गाउँपालिका-३ का रूपेश गुप्ता सम्पर्कमा आएका प्रवक्ता ढकालले बताउनुभयो ।

त्यस्तै, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका-४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्र नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताउनुभयो ।

सर्लाहीको लालबन्दी नगरपालिका-१ का बृजकिशोर दास, सुनिता दास, श्यामलाल मोक्तान, वाग्मती नगरपालिका-६ का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव, इञ्जिनियर विपीनकुमार मण्डल र धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव र सुरेश पजियार सम्पर्कमा आएका छन् । उहाँका अनुसार सिरहाको गोलबजार नगरपालिका-१० का टार्जन बलम्पाकी पनि टेलिफोनमार्फत सम्पर्कमा आएका छन् ।

मधेस प्रदेशका जिल्लाबाट थुप्रै नागरिक सम्पर्कविहीन भएका सूचना आउने थालेपछि प्रहरी कार्यालयहरूले सम्पर्कविहीन भएकाहरूको विवरण सङ्कलन गर्न थालेको छ । बाढी तथा पहिरोपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि विवरण सङ्कलन गर्न थालिएको उहाँले बताउनुभयो ।

मधेसका विभिन्न जिल्लाबाट रोजगारी, व्यवसाय तथा अन्य कामका लागि रसुवा पुगेका नागरिकसमेत विपद्को चपेटामा परेपछि परिवारजन चिन्तित बनेका छन् । सम्बन्धित परिवार तथा आफन्तले सम्पर्कविहीन व्यक्तिबारे कुनै जानकारी प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन, प्रहरी तथा स्थानीय प्रशासनलाई जानकारी गराउन वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताउनुभयो । *(रासस)*

### बाढीले बगाएर ल्याएको सेफ फोड्ने २९ जना नियन्त्रणमा

काठमाडौँ, १३ भदौ । रसुवास्थित भोटेकोसीमा आएको बाढीले बगाएर ल्याएको बैङ्कको सेफ (पैसा तथा कागजात राख्ने सुरक्षित फलामे बाकस) फोड्ने २९ जना पक्राउ परेका छन् । बाढीसँगै बगेर त्रिशूलीमा आएको सेफ फुटाउने २९ जनालाई सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले नियन्त्रणमा लिएको हो ।

निजहरूको साथबाट रु. ९२ लाख ६८ हजार ५०५ समेत बरामद भएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । यसबारे थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । *(रासस)*

। सम्पादकीय ।

# भेलबाढी पीडितको नाममा २ खर्ब सहयोग उठ्यो, सदुपयोग कसरी होला ?

भदौ १० गते बिहान ९ बजेतिर भोटेकोसीमा विनाशकारी भेलबाढी आयो । केही प्रत्यक्षदर्शीले यो भेलबाढीको उचाइ १०० मिटर पुगेको पनि बताए । सरकारले भेलबाढी पीडितको लागि देश र विदेशमा उठाएको चन्दा २ खर्ब रूपैयाँ नाघेको सार्वजनिक भयो भने नुवाकोटको बेत्रावतीका एक पीडितको गुनासो बाहिरियो, “यो महाविपत्तिमा सरकारले आफ्ना उपस्थिति देखाउने हो, सकेसम्म सरकार जनताको घरमा आउनुपर्छ, बासको समस्या टारिदिए हुन्थ्यो ।” हो, यति धेरै सहयोग रकम सरकारले कसरी खर्च गर्दै छ ?

नेपालले बेत्रावती हुँदै सयौँ वर्षदेखि चीनसँग व्यापार गर्दै आएको र नेपाल-तिब्बत युद्धपछि यही ठाउँमा भएको सन्धिलाई ‘बेत्रावती सिन्धु भनिएको पनि सार्वजनिक भयो । सायद त्यतिबेला बस्ती खोला छेउमा थिएन होला । बसाइँसराइ बढेसँगै बेत्रावतीमा बस्ती खोला छेउमा पनि सुरु भएको हुनु पर्दछ । यसकारण, पनि भेलबाढीले बेत्रावती र आसपास क्षेत्रलाई तहसनहस बनाएको हुनुपर्छ । यहाँको बस्तीमा पुरिएका शवको व्यवस्थापन नहुँदा दुर्गन्ध सुरु भएको पनि सार्वजनिक भयो । अब सरकारले सुरक्षित क्षेत्रमा आवास विस्तार गर्नु जरुरी छ ।

स्थानीयको गुनासो छ, “विद्युत् आपूर्ति नहुँदा खाना पकाउनेदेखि मोबाइल चार्जमा समस्या भएको छ । घरभित्र पुरिएका शवहरू जतिसक्दो छिटो निकाल्न पाए हुन्थ्यो ।” यसमा सिंहदरबारको ध्यान जानु जरुरी छ । नेपालमा जोसुकै प्रधानमन्त्री भए पनि सरकार सिंहदरबारको पर्खालभित्र कैदजस्तै भइरहेको पुरानो रोग हो । चीनका प्रधानमन्त्री लिछ्यिाङ नेपाल-चीन सिमानामा क्षतिको अवस्था बुझ्न पुगिसके भने नेपालको भन्सारलगायत सरकारी कार्यालयका के कति कर्मचारी बेपत्ता अवस्थामा छन्, सरकार बेखबर किन ?

बेत्रावतीका एक बासिन्दाले दियो पोस्टमा बोले-“गाउँका नब्बे प्रतिशत मानिस भेलबाढीमा पुरिएको र सरकारको हेलिकप्टरमात्र गाउँमाथि उडिरहेको, घर आँगनमा पीडा बुझ्न सरकारका कोही नआएको अवस्था छ । लाश कुहिएर दुर्गन्ध फैलिँदै छ । भेलबाढीको सूचना समयमा भएन । खोइ यहाँ सरकार ?”

बेत्रावतीमा राहत सामग्री एक ट्रक पुऱ्याइएको पनि स्थानीय आमा समूह र एक महिलाबिच तँछाडमछाड भइरहेको सार्वजनिक भयो । सरकारको एकद्वार प्रणालीमा वितरण भनिएको के हो प्रभावकारी नहुँदा यो उपद्रव भएको हुनुपर्दछ । रास्वपाका एकजना सांसद उद्धारको निहुँमा लेदोमा पुगेको र उनैलाई उद्धार गरिएको सामाजिक सञ्जालमा आएपछि पीडितको पीडामा नुनचूक दल्नेजस्तो भएकोमा विरोध भइरहेको छ ।

पीडितहरूको गुनासो सरकार बेत्रावतीपारि उद्धार र राहतको लागि पुग्नै नसकेको सार्वजनिक भयो । रसुवास्थित त्रिशुली ‘ए’ जलविद्युत् टनेलभित्र कति फसेका छन्, सरकार बेखबर भएको पनि सार्वजनिक भयो । केही पीडितले गुनासो गरे- “बिहान ८ बजे माथि बाढी आएको विषय तल बजारमा ९ बजेमात्र सूचना आयो । सूचना दिँदा खतरा र भयावहबारे सचेत गराइएन, गराइएको भए सबै भाग्ने थिए । सरकारले बजारको पसल बन्द गराएको भए मानवीय क्षति कम हुन सक्थ्यो ।” यस्तै यस्तै पीडा छ, भेलबाढी पीडितको ।

# विदेशी धर्माधिकारीहरू किन नेपाली नेताहरूको विरोधमा !

नेपाली भूमिमा टेकेर नेपाली नेताहरूको विरोध गर्ने अधिकार कुनै विदेशी नागरिकलाई छुट छैन । नेपाली नेताहरूको कमजोरी औँल्याउने, सुधार्ने र विरोध गर्ने काम नेपाली जनताले गरे, गरिरहेका छन्, गरिरहने छन् । नेपालको संविधान कस्तो बनाउने, के के अधिकारका प्रावधान राख्ने भन्ने कुरा नेपालीको आन्तरिक कुरा हो । विदेशी नागरिकले नयाँ संविधानमा कुनै निश्चित प्रावधान हुनैपर्ने दाबी गर्नु र नगरे नेताहरू टिक्ने छैनन् भनी चेतावनी दिनु के विदेशी हस्तक्षेप होइन ? एक भारतीय नागरिकहरूले पहिले त्यस्तै चेतावनीपूर्ण अभिव्यक्ति दिएका थिए ।

नेपाली भूमिमा यस्तै चलखेल गर्ने ध्येयले नै अनेक बाबाको नाउँमा नेपालमा विभिन्न स्थानमा छिरेका छन्, छिरेर धर्मको राजनीति गरिरहेका छन् । यस्तै एक कालीबाबा भक्तपुरको एक डाँडा नै त्रिशुल डाँडाको नामकरण गरेर बसिरहेका छन् । दुई-चारवटा मन्दिर र मूर्ति बनाएर नेपाली भूमिमा विनास्वीकृति बसेर नेपालीकै विरोधमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा राजनीति गरिरहेका छन् । पूजा-पाठ, धर्म-कर्मको प्रसङ्ग जोडेर यहाँको गोप्य कुरा थाहा पाउने, दूतको रूपमा काम गर्ने, भारत जाने र अन्य गोप्य भेटघाटका काम भइरहेका छन् ।

सत्तासीन दलले बहुमत जनताको हितमा संविधान नबनाए, देशविरोधी संविधान बनाउन खोजे नेपाली जनताले नै विरोध गर्नेछन् । सत्तारूढ दलले श्रमजीवीवर्गको पक्षमा संविधान बनाउने छैन । त्यसो भनेर नेपालमा कुनै शक्ति राष्ट्र, कुनै विदेशी नेता, धार्मिक व्यक्तिलाई हस्तक्षेप गर्ने अधिकार छैन, हस्तक्षेप गर्न पाउँदैन । नेपाल र नेपालीको आन्तरिक कुरामा दबाब दिनुहुँदैन । भारतीय नागरिक कालीबाबाले पहिले धम्कीपूर्ण अभिव्यक्ति दिए पनि सत्तासीन दलका नेताहरू मौन बसे, तमासे बने ।

सत्तासीन दलका नेताहरू विदेशी इसारामा नाचेकैले देशमा अराजनीतिक गतिविधि बढिरहेको हो । विदेशीले नेपाली भूमिमा परेड खेलिरहेको हो । धर्माधिकारीको नाउँमा विदेशीहरू नेपालको विभिन्न भागमा कति छन् कति । विदेशी सहयोग पाउने र पाएको आधारमा के विदेशी नागरिक र विदेशी शक्ति राष्ट्रले नेपाल र नेपालीको इज्जत र प्रतिष्ठामा आँच पुऱ्याउने काम गर्न मिल्छ ? आँच पुऱ्याउने काम गरे पनि सरकार सत्तासीन दल तमासे बन्न मिल्छ ?

# पत्रकार, लेखक र साहित्यकारको लेखले जनताको सेवा गर्नमा थप हौसला प्रदान




सुनिल प्रजापति, प्रमुख भनपा

नेपालको संविधान लागू भएपछि २०७४ र २०७९ मा गरी स्थानीय तहका दुईपटक निर्वाचनहरू सम्पन्न भए । ती दुवै पटकको निर्वाचनमा भक्तपुर नगरपालिकामा प्रमुख, उपप्रमुख र वडाध्यक्षदेखि वडा सदस्यसम्म सबै वडामा नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरू विजयी भए ।

निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीको स्थानीय तह निर्वाचन घोषणापत्रमार्फत जनताबिच गरिएका प्रतिबद्धताहरू हामी निर्वाचित जनप्रतिनिधिहरूले एक एक गरी पूरा गर्दै छौँ । हामी जनप्रतिनिधिको रूपमा कार्यरत हुँदा पत्रकार, लेखक, सम्पादक, अनुसन्धानकर्ता मित्रहरूले भक्तपुर नगरपालिकाले गरेका कामहरूको सूक्ष्म अध्ययन र विश्लेषण गरी विभिन्न विषयमा खोजमूलक लेख, रचना तथा समाचारहरू प्रकाशित गरी भक्तपुरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रसम्म चिनाउने काम गर्नुभयो । हाम्रो पहिलो कार्यकाल २०७४ सालदेखि २०७९ सालसम्म राष्ट्रिय दैनिक, साप्ताहिक र अनलाइन पत्रिकाहरूमा प्रकाशित महत्त्वपूर्ण लेखहरूलाई सङ्ग्रह गरी ‘सञ्चारमाध्यममा भक्तपुर नपा’ पुस्तक २०७८ चैतमा प्रकाशित गर्यौं । दोस्रो कार्यकालको २०७९ देखि २०८३ असारसम्ममा भक्तपुर नगरपालिकासम्बन्धी प्रकाशित विशेष लेखहरूको सङ्ग्रह गरी ‘सञ्चार माध्यममा भक्तपुर नपा २’ प्रकाशित गर्यौं । ती दुवै पुस्तकलाई भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रमा गरेका कामको तस्बिरको रूपमा लिएको छ ।

भक्तपुर नगरपालिकाका गतिविधि, अभ्यास र उपलब्धिहरूलाई पत्रकार, लेखक, अनुसन्धानकर्ताहरूको दृष्टिबाट विश्लेषण गरी यहाँहरूले आ-आफ्नो सञ्चार माध्यममार्फत जनताबिच पुऱ्याउन योगदान गर्नुभयो । त्यसका लागि तमाम पत्रकार, लेखक, सम्पादक र अनुसन्धानकर्ता सबैप्रति भक्तपुर नगरपालिका हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

भक्तपुर आजको अवस्थामा सहजै आइपुगेको भने होइन । यसको आफ्नै इतिहास छ । यहाँका राजनीतिक दलका नेता, कार्यकर्ता, पूर्व र वर्तमान जनप्रतिनिधिहरू र नि:स्वार्थ रूपले सेवाका भावना भएका हजारौँ स्थानीय जनताको योगदानको परिणाम आजको भक्तपुर हो । विगतमा स्थानीय निकायलाई अहिलेको जस्तो संवैधानिक र कानुनी अधिकार थिएन । त्यतिबेला हाम्रा अग्रज जनप्रतिनिधिहरूले स्वायत्तताको अभ्यास गरी देशको उदाहरणीय नगर बनाउनुभएको थियो । त्यसलाई हामी निरन्तरता दिँदै अझ अगाडि बढाउने कोशिश गर्दै छौँ । भक्तपुरको विकासका लागि प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने ती तमाम अग्रजहरूप्रति पनि उच्च सम्मान व्यक्त गर्दछौँ ।

शिशु स्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म शिक्षाको बन्दोबस्त गर्ने, घरघरमा गएर स्वास्थ्य सेवादेखि वडा वडामा स्वास्थ्य केन्द्रको स्थापना र १०० शय्याको नगर अस्पताल सञ्चालन गरी जनतालाई स्वास्थ्य उपचारमा सहज पहुँच पुऱ्याउने र मौलिक प्रविधि प्रयोग गरी फोहोरलाई कम्पोस्ट मल बनाएर आयको स्रोत बनाउने तथा मूर्त र अमूर्त सम्पदाहरू स्थानीय स्रोत र साधनहरूको प्रयोग गरी मौलिक शैलीमै निर्माण गर्ने भक्तपुर नगरपालिकाको छुट्टै पहिचान बनेको छ । पूर्ण स्वायत्तता र आत्मनिर्भरताको अभ्यास गर्ने, पारदर्शिता र भ्रष्टाचारमुक्त भक्तपुर नगरपालिकाको अर्को पहिचान हो ।

पार्टीहरू प्रतिबन्धित भएको निरङ्कुश पञ्चायती व्यवस्थाको समयमा समेत निर्वाचनलाई जनताको सेवामा उपयोग गर्ने नेपाल मजदुर किसान पार्टीको नीतिअनुसार नगर पञ्चायत निर्वाचनमा भाग लिएर हाम्रा अग्रजहरूले शिक्षा प्रचार, सफाइ अभियान सञ्चालन र नगर पञ्चायतका सबै आर्थिक गतिविधिहरू पारदर्शी गर्दै भक्तपुर नगर पञ्चायतले जनताबिच छुट्टै छवि कायम गर्न सफल भएको थियो । आजको मासिक ‘भक्तपुर’ त्यतिबेलाको पञ्चायत पत्रिकाको निरन्तरता हो ।

जनताको मौलिक र राजनीतिक अधिकारको माग र भ्रष्टाचारको विरोध गर्दै जनतामा राजनीतिक चेतना बढाउने कार्य गरेको कारण त्यतिबेला नेपाल मजदुर किसान पार्टी पञ्चहरूको तारो बन्यो । २०४५ साल भदौ ९ गते राज्यस्तरबाट षड्यन्त्र गरी भक्तपुर काण्ड रचियो । नेपाल मजदुर किसान पार्टीका नेता नारायणमान बिजुक्छेँ (रोहित), रापस गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी बासुकलालगायत नगर पञ्चायतका अधिकांश जनप्रतिनिधि र नेमकिपाका नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा लगाई नगर पञ्चायत भङ्ग गरी मण्डलेहरूको हातमा सुम्पेको थियो । २०४६ सालको जनआन्दोलनबाट देशमा बहुदलीय व्यवस्था पुन:स्थापनापछिमात्रै नेमकिपाका नेता कार्यकर्ताहरू जेलबाट छुट्नुभयो । आजभन्दा ३८ वर्षअघि घटेको त्यो घटनालाई आज पनि हामीले बिर्सेका छैनौँ । फेरि पनि राज्यको तर्फबाट त्यस्ता षड्यन्त्र जालझेलहरू हुन सक्नेबारे नयाँ पुस्तालाई सचेत पार्न विभिन्न कार्यक्रमहरूका साथ भर्त्सना कार्यक्रमहरू भइरहेका छन् ।

२०५० सालमा पहिलोपटक भक्तपुर नगरपालिकाले विदेशीहरूसँग प्रवेश शुल्क लिने निर्णय गर्दा जनप्रतिनिधिहरूले तत्कालीन सरकारको ठुलो दबाब व्यहोर्नुपऱ्यो । भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण, शिक्षा र स्वास्थ्य तथा भौतिक पूर्वाधारहरू निर्माणमा खर्च गर्ने स्पष्ट उद्देश्यका साथ उठाउन सुरु गरेको प्रवेश शुल्क रोक्न अनेकौँ बाधा व्यवधानहरू खडा गरिएका थिए । जनप्रतिनिधिहरू अलिकति पनि विचलित नभई त्यसलाई निरन्तरता दिँदै जाँदा पर्यटन शुल्क आज भक्तपुर नपाको एउटा महत्त्वपूर्ण आर्थिक स्रोतमध्ये एक बनेको छ । त्यसले धेरै नगरपालिकालाई पनि आफ्नो क्षेत्रमा शुल्क लगाउने बाटो खोलिदियो । त्यसरी स्थानीय निकायको स्वायत्तताको पक्षमा आवाज उठाउँदा धेरै पत्रकार, लेखक र सम्पादक साथीहरूले नगरपालिकाको पक्षमा समाचार, लेख र सम्पादकीयहरू लेखेर सहयोग गर्नुभएको थियो । सङ्कटको बेला सहयोग गर्ने ती सबैलाई हामीले स्मरणमा राखेका छौँ ।

भक्तपुर नगरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटनजस्ता जनताका आधारभूत विषयहरूमा २०५६ सालबाट विकासमा फड्को मारेको पाउन सकिन्छ । जतिबेला नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले ‘सय वर्षपछिको भक्तपुर’ लेख सार्वजनिक गर्नुभयो । २०५९ सालमा मात्र त्यो पुस्तकको रूपमा प्रकाशित भयो । बौद्धिक जगतदेखि सर्वसाधारण जनताको मनमस्तिष्कमा बस्न सफल त्यस लेख नै भक्तपुर नगरपालिकाको दीर्घकालीन विकासको आधार बन्यो । भक्तपुर नगरपालिकाले २०८२ चैतमा पुस्तकको तेस्रो संस्करण प्रकाशित गरेको छ । त्यही पुस्तकलाई आधार बनाई नगरपालिकाले विकासको गतिलाई अगाडि बढाइरहेको छ र बढाइरहनेछ । २०५८ साल माघ २१ गते भक्तपुरका बुद्धिजीवीहरूबिच एक कार्यक्रममा भक्तपुरमा १५ वर्षभित्र एक घर एक स्नातक बनाउने अध्यक्ष बिजुक्छेँको घोषणाले भक्तपुरको शैक्षिक विकासले तिव्रता पायो ।

सय वर्षपछिको भक्तपुर लेख प्रकाशित भएकै वर्ष २०५६ सालमा ख्वप माविको जग हालियो । २०५८ सालमा ख्वप कलेज र ख्वप ई. कलेजहरूको स्थापना भयो । विकास क्रम जारी रहेकै बखत २०५९ साल साउनदेखि देशभरि स्थानीय निकायहरू जनप्रतिनिधिविहीन बनाइयो । देशभर अन्योल भइरहेको बेला अध्यक्ष बिजुक्छेँले तत्कालीन जनप्रतिनिधिहरूलाई एउटा निर्देशन दिनुभयो - अर्को निर्वाचितहरू नआएसम्म पहिलेकै जनप्रतिनिधिहरूले सेवामा निरन्तरता दिनुपर्ने । यसले अनेकौँ बाधा अड्चनबिच पनि भक्तपुरको विकासले निरन्तरता पाइरह्यो । २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, त्यसपछि शारदा कलेज र मावि सञ्चालन भयो । अहिले २०७९ मा स्थापना भएको ख्वप कलेज अफ लसमेत गरी ७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन् । ती शैक्षिक संस्थाहरूमा देशभरका साढे सात हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । शिक्षाले सबै क्षेत्रमा परिवर्तन ल्याउँछ भन्ने भक्तपुर एक उदाहरण हो ।

‘सञ्चार माध्यममा भक्तपुर नपा’ र ‘सञ्चार माध्यममा भक्तपुर नपा २’ मा सङ्ग्रहित लेखहरूमा पनि अधिकांश लेखक, पत्रकारहरूले त्यस पुस्तकलाई सन्दर्भ सामग्रीको रूपमा लिएको पाउँदा ज्यादै खुसी लाग्यो ।

१५ वर्षसम्म देशभर स्थानीय निकायमा जनप्रतिनिधिविहीन हुँदा भक्तपुरको विकास ३०-४० वर्ष पछि पऱ्यो । २०७४ साल र २०७९ को निर्वाचनपछि भक्तपुरको विकासलाई अगाडि बढाउने प्रयास गर्दै छौँ । दोस्रो कार्यकालको पनि हामी अन्तिम वर्षमा छौँ । हाम्रो कार्यकाल करिब नौ महिनामात्र बाँकी छ । हामीले कार्यकालको अन्तिम दिनसम्म पनि जनताको सेवा गर्न छोड्नेछैनौँ ।

भक्तपुरलाई पत्रकार भवानी बरालले आफ्नो लेखमा भेटिकन सिटीसँग तुलना गर्नुभएको छ । उहाँ गोरखापत्रमा लेख्नुहुन्छ - ‘भ्रष्ट अनियमितताका अनुयायी, लाचार सिद्धान्तच्युत दल, तिनका प्रतिनिधिलाई भविष्यको भेटिकन भक्तपुरको बाटो नजाने गाउँ नै हो ।’ भक्तपुरलाई बाहिरी विश्वमा चिनाउने अभियन्ताको रूपमा परिचित जर्मनी वास्तुकलाविद् निल गोत्सेले संसारकै ठुलो जीवित सङ्ग्रहालयको उपमा दिनुभएको छ । उहाँ भन्नुहुन्छ - ‘यो भक्तपुरमा बाटोमै माटोको काम हुन्छ, यही गल्लीमा ढुङ्गा काट्ने काम भइरहेको हुन्छ, काठ वा कलाका अरु काम बाटैमा भइरहेका हुन्छन् । बिस्केट जात्रा भन्नुस् या नवदुर्गा पूजा, भक्तपुरभन्दा ठुलो लाइभ म्युजियम अर्को के हुन सक्ला ?’ अर्का पत्रकार उपेन्द्र लामिछानेले ‘नागरिक दैनिक’ मा प्रकाशित लेखमा भक्तपुरलाई फूलसँग तुलना गर्नुभएको छ - ‘उपदेशक बन्नु त फूलजस्तै । जसले केही बोल्दैन तर उसलाई हेरेर सबैले सिक्छन् ।’

यस्ता थुप्रै उपमाहरू भक्तपुरलाई दिइएको छ । ती दुवै पुस्तक हाम्रा लागि एक ऐनासरह छन् । हामीले गरेका कामको स्वतन्त्र पत्रकार, लेखक, सम्पादकहरूले कसरी मूल्याङ्कन गर्नुभएको छ भन्ने बुझ्न सजिलो भएको छ । यसमा हामीले थप सुधारका लागि गर्नुपर्ने सुझाव र कमी कमजोरीहरूको आलोचनात्मक टिप्पणी पनि छन् । त्यसले यहाँका कर्मशील जनता र सही नेतृत्वको उचित मूल्याङ्कन गरेको जस्तो लाग्छ । पत्रकार, लेखक र साहित्यकारहरूको लेखहरूले हामीलाई जनताको सेवा गर्ने भावनामा हौसला र ऊर्जा प्रदान गरेको छ ।

अन्त्यमा, सबै लेखक, पत्रकार, सम्पादकहरूप्रति पुन: हामी हार्दिक आभार प्रकट गर्दछौँ । आगामी दिनमा पनि भक्तपुर नगरपालिकाको कामलाई रचनात्मक सल्लाह र सुझावहरूका साथ लेख र समाचारहरू लेखेर प्रचार प्रसार गर्नुहुने अपेक्षा गर्दछौँ ।

*(२०८३ भदौ ७ गते भक्तपुर नगरपालिकाको आयोजनामा ‘सञ्चार माध्यममा भक्तपुर नपा’ र ‘सञ्चार माध्यममा भक्तपुर नपा २’ पुस्तकको परिचर्चा तथा लेखक, पत्रकार र सञ्चारकर्मीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

# नेपाल–तिब्बत बाढी : के भयो, किन भयो र को हराइरहेका छन् ?

***(नेपाल-तिब्बत सीमा क्षेत्रमा हिमनदी भत्किंदा आएको विनाशकारी बाढीका कारण ६१६ जनाभन्दा बढीको मृत्यु भएको छ भने १,५०० बेपत्ता भएका छन् ।)***

बुधबार, लाङताङ पर्वतमाला (उत्तरी मोहडा) को माथिल्लो भागमा हिमनदीको एक अंश भत्किँदा नेपाल-तिब्बत सीमामा विनाशकारी बाढी आयो ।

नेपाल र चीनको तिब्बतमा ३६० भन्दा बढीको मृत्यु भएको पुष्टि भएको छ भने लगभग १,५०० भन्दा बढी बेपत्ता छन् ।

नेपालमा कम्तीमा ६१४ जनाको मृत्यु भएको छ भने विदेशी नागरिकहरूसहित सयौं बेपत्ता भएका छन् । सीमापारि, चिनियाँ राज्य सञ्चारमाध्यमले भोटको ग्यारोङ काउन्टीमा ५५८ जना बेपत्ता भएको रिपोर्ट गरेको छ, जसमा २६० विदेशी नागरिकहरू पनि छन् ।

यो विपत्ति के कारणले निम्तियो, बाढी कहाँ आयो र द्रुतगतिमा तापक्रम बढ्दै गएको हिमालय क्षेत्रका के जोखिमहरू छन् भन्नबारेमा हामीलाई थाहा भएको कुरा विस्तारित रूपमा चर्चा गरौँ ।

**नेपालमा के भयो ?**

बुधबार स्थानीय समयअनुसार बिहान ८:४० बजे नेपाल-तिब्बत सीमाको पहाडी क्षेत्रमा अचानक आएको बाढी र पहिरो आयो ।

ल्हेन्डे खोला-उपत्यकामा पानी, हिलो र ढुङ्गाको ठुलो बाढी आयो, जसले गाउँहरू डुबे, घर र महत्त्वपूर्ण पूर्वाधारहरू ध्वस्त पार्यो । बाढीले कम्तीमा १९ वटा पुल र लगभग ४० किलोमिटर सडक बगायो ।

शुक्रबार नेपाल न्युजले रिपोर्ट गरेको छ कि सेनाले खराब मौसम र उच्च नदीको बहावको बिचमा माथिल्लो त्रिशुली जलविद्युत् परियोजनाको सुरुङमा फसेका करिब ३५० कामदार र बासिन्दालाई उद्धार गरेको छ ।

नेपाली सैनिक र उद्धार टोलीहरू हेलिकप्टर, ड्रोन र तालिम प्राप्त कुकुरहरूसहित खटाइएका छन् । तर, नदीको उच्च सतह, क्षतिग्रस्त सडक र हिलोले गर्दा केही सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमा पुग्न कठिनाइ भएको छ ।

तिब्बतको सीमापारि, गहिरो लेदोका कारण सीमा क्षेत्रमा पुग्न प्रयास गरिरहेका चिनियाँ उद्धार टोलीहरूलाई पनि ढिलाइ भएको छ ।

चिनियाँ प्रधानमन्त्री ली छियाङले बिहीबार तिब्बतको प्रकोप क्षेत्रको आपत्कालीन उद्धार र राहत कार्यको निरीक्षण गर्न भ्रमण गर्नुभएको थियो ।

**के कारणले गर्दा पहिरो र अचानक बाढी आयो ?**

स्थानीय समाचारदाताहरूका अनुसार, बुधबार झरी नभए पनि आएको बाढीले अधिकारीहरू अचम्मित परेका थिए ।

यो प्रकोप हिमालयको माथिल्लो भागबाट सुरु भएको देखिन्छ, जहाँ हिमनदीको एक भाग भत्कियो, जसले गर्दा पानी र लेदो-मिश्रित शक्तिशाली लहर तलतिर फैलियो ।

स्याटेलाइट तस्वीरहरूले देखाएको छ कि हिमनदीको तल्लो छेउको एक ठुलो भाग लगभग ५,२०० मिटर (१७,००० फिट) को उचाइमा छुट्टिएर (नदी) उपत्यकाको भुइँमा लगभग १,२०० मिटर (३,९०० फिट) तल खस्यो; अनि खस्दै जाँदा चट्टान र थिग्रो जम्मा गर्दै गयो ।

फलस्वरूप आएको बरफ-चट्टान हिमपहिरो नेपाल-चीन सीमा नाकाबाट लगभग २० किलोमिटर उत्तरपूर्वमा तिब्बतको ल्हेन्डे नदीमा खस्यो । प्राकृतिक बाँधले बाटो लिनु अघि पहिरोले नदीलाई अस्थायी रूपमा थुन्यो, जसले गर्दा तलतिर शक्तिशाली बाढी छोड्यो ।

प्रारम्भिक रिपोर्टहरूले ४.४ म्याग्निच्युडको भूकम्पका कारण हिमपहिरो खसेको सुझाव दिएको थियो । यद्यपि, संयुक्त राज्य भूगर्भ सर्वेक्षण (USGS) ले पछि आफ्नो मूल्याङ्कनलाई परिमार्जन गर्दै भन्यो कि भूकम्पीय सङ्केत भूकम्पबाट नभई पहिरोबाट उत्पन्न भएको थियो ।

पहिरो अन्ततः ५.२ म्याग्निच्युडको भूकम्पीय घटनाको रूपमा दर्ता भयो ।

**बाढी वास्तवमा कहाँ आयो ?**

यो विपत्ति नेपाल-तिब्बत सीमावर्ती पहाडी क्षेत्रमा आएको थियो; जसमध्ये चिनियाँ सीमाको ठीक दक्षिणमा रहेको नेपालको रसुवा जिल्लामा सबैभन्दा बढी क्षति भएको छ ।

सुरुवाती बाढी ल्हेन्डे खोलामा प्रवेश गर्‍यो, जुन भोटे कोसी र त्यसपछि त्रिशुली नदीमा मिसियो र बाढीको पानी नेपाल हुँदै दक्षिणतिर बग्यो । त्रिशुलीमा पानीको सतह केवल ३० मिनेटमा ९ मिटर (३० फिट) सम्म बढेको बताइएको छ ।

रसुवा जिल्लामा, टिमुरे र स्याप्रुबेँसी प्रभावित बस्तीहरूमध्ये हुन् । अझ तलतिर, बाढीले नुवाकोट र धादिङ जिल्लाका केही भागहरूमा पुग्यो, जसले घर, सडक र अन्य पूर्वाधारहरूलाई क्षति पुर्‍यायो ।

तिब्बतको सीमापारि, शिगात्से क्षेत्रको केरुङ शुख्खा-बन्दरगाहमा हिलो र लेदोले क्षति गर्‍यो ।

त्रिशुली अन्ततः नारायणी नदीमा मिसिन्छ, जुन भारतको बिहार राज्यमा पुग्छ, जहाँ यसलाई गण्डक नदीको रूपमा चिनिन्छ ।

नदीको सतह बढ्दै जाने र गण्डक बेसिनमा थप बाढी आउने चिन्ताका बिच भारतले बिहार, उत्तर प्रदेश र उत्तराखण्डका क्षेत्रहरूबाट हजारौँ मानिसहरूलाई सुरक्षित स्थानमा सारेको थियो ।

**पीडितहरूको बारेमा हामीलाई के थाहा छ ?**

नेपाल र तिब्बतमा ६२० भन्दा बढी मानिसको मृत्यु भइसकेको पुष्टि भएको छ भने नेपाल-तिब्बत सीमाको दुवैतर्फ १,५०० भन्दा बढी बेपत्ता छन् ।

- नेपाल : कम्तीमा ६१६ जनाको मृत्यु भएको छ ।
- तिब्बत : अधिकारीहरूले केरुङ काउन्टीमा कम्तीमा सात जनाको मृत्यु भएको रिपोर्ट गरेका छन्, जहाँ २६० विदेशी नागरिकहरूसहित ५५८ जना बेपत्ता छन् ।

"मेरो सालोको यहाँ रक्सी पसल थियो । आज बिहान मलाई उसको फोन आयो, रोइरहेको थियो र भन्दै थियो कि उसको सम्पूर्ण घर बाढीले बगायो," नेपालका स्थानीय व्यापारी राजु भदेलले अल जजीरालाई भने ।

शिक्षक मनोज मिश्रले बाढीले सवारी साधन र मानिसहरूलाई बगाएको देखेको वर्णन गरे ।

नराम्ररी प्रभावित क्षेत्रहरूबाट बाँचेकाहरूलाई पनि सैन्य हेलिकप्टरबाट उद्धार गरिएको छ, जसमध्ये केहीलाई काठमाडौँका अस्पतालहरूमा लगिएको छ ।

**अन्तर्राष्ट्रिय संस्था र नेताहरूले यस सङ्कटको प्रतिक्रिया दिइरहेका छन् ?**

विभिन्न देश र अन्तर्राष्ट्रिय संस्थाहरूले आपत्कालीन सहयोग, कोष र प्राविधिक सहयोग प्रदान गरेका छन् ।

**मानवीय र आर्थिक सहायता**

भारतले नेपालमा अस्थायी आश्रय, कम्बल, सरसफाइ किट, सौर्य बत्ती र औषधि सहित लगभग १० टन आपतकालीन सामग्री बोकेको उद्धार विमान पठाएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका प्रधानमन्त्री बालेन्द्र शाहसँग कुरा गर्नुभयो र भारतको सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

रेडक्रस तथा रेड क्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (IFRC) ले आपत्कालीन कोषमा १० लाख स्विस फ्र्याङ्क (१२ लाख डलर) जम्मा गरेको छ ।

संयुक्त राष्ट्र सङ्घले नेपालमा राहत प्रयासहरूलाई सहयोग गर्न आफ्नो केन्द्रीय आपत्कालीन प्रतिक्रिया कोष (CERF) बाट २० लाख डलर विनियोजन गरेको छ ।

अस्ट्रेलियाले ३६ लाख डलर सहयोगको घोषणा गरेको छ । यस क्षेत्रमा थप कन्सुलर कर्मचारी पठाउने बताएको छ ।

**अन्तर्राष्ट्रिय समन्वय र उपग्रह सहायता**

संयुक्त राष्ट्र सङ्घले नेपालमा सरकारको नेतृत्वमा राहत प्रयासहरूलाई सहयोग गर्न कर्मचारीहरू खटाएको छ भने चीनस्थित आफ्नो कार्यालयमार्फत तिब्बतमा उद्धार कार्यमा सहयोग गर्न तयार रहेको बताएको थियो ।

युरोपेली सङ्घले आफ्नो कोपर्निकस आपत्कालीन व्यवस्थापन सेवा सक्रिय गरेको छ, जसले क्षतिको आकलन गर्न र उद्धार कार्यहरू समन्वय गर्न मद्दत गर्ने प्रकोप क्षेत्रहरूका नक्सा बनाउन उपग्रहद्वारा कैद तस्वीरहरू प्रयोग गर्दछ ।

**खोज र उद्धार प्रयासहरू**

जलविद्युत् परियोजनामा काम गर्ने धेरै दक्षिण कोरियाली नागरिकहरू बेपत्ता भएको रिपोर्ट आएपछि दक्षिण कोरियाले सरकारी कार्यदल स्थापना गरेको छ । सियोलले सरकार, अग्निनियन्त्रक र प्रहरी कर्मचारीहरू सम्मिलित द्रुत प्रतिक्रिया टोली नेपाल पठाउने योजना बनाएको बताएको छ ।

संयुक्त राज्य अमेरिकाले विपद् प्रतिक्रिया सल्लाहकार पठाउने र ५ लाख डलर सहयोग उपलब्ध गराउने बताएको छ ।

चिनियाँ पक्षबाट, राष्ट्रपति सी चिनफिङले भोटमा बेपत्ता भएका व्यक्तिहरूको लागि 'सर्वव्यापी' खोजी र उद्धार अभियानको आदेश दिनुभयो र थप प्रकोपहरू रोक्न प्रयास गर्न आह्वान गर्नुभयो ।

नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले बाढीको अवस्थाको मूल्याङ्कन गर्न सबैभन्दा बढी प्रभावित जिल्लाहरूमध्ये एक नुवाकोटको बिदुरको भ्रमण गरे ।

**यस प्रकोपमा जलवायु परिवर्तनले कस्तो भूमिका खेल्यो ?**

वैज्ञानिकहरूले अझै हिमनदी भत्किनुको कारण के हो भनेर अनुसन्धान गरिरहेका छन् । यस विशेष घटनामा जलवायु परिवर्तनले कति योगदान पुर्‍यायो भनेर निर्धारण गर्न धेरै चाँडो हुनेछ ।

यद्यपि, यो विपत्ति हिमालयमा तीव्र तापक्रम वृद्धि र हिमनदीको क्षतिको पृष्ठभूमिमा आएको छ । अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानसम्म फैलिएको हिन्दूकुश हिमालय पर्वत शृङ्खलाका हिमनदीहरूले सन् २०११ देखि २०२० को बिचमा अघिल्लो दशकको तुलनामा ६५ प्रतिशतले छिटो बरफ गुमाए । नेपालका हिमनदीहरूले लगभग तीन दशकमा आफ्नो बरफको परिमाण (Ice Volume) को लगभग एकतिहाइ हिउँ गुमाइसकेका छन् ।

हिमनदीहरू पछि हट्दै जाँदा, पहाडी भिरालोहरू बढ्दो रूपमा अस्थिर हुन सक्छन् भने पग्लिएको पानी हिमनदीहरूमा वा वरपर जम्मा हुन सक्छ, जसले गर्दा अचानक बाढीको सम्भावना बढ्छ ।

भूउपग्रह अवलोकनबाट हिमनदी पतन हुनुभन्दा पहिले नै प्रभावित हिमनदी वरिपरि असामान्य रूपमा न्यानो अवस्था देखाएको र हिउँले ढाकिएको क्षेत्र (Snow Cover) उल्लेखनीय रूपमा घट्दै गएको र अझ नाङ्गो बरफ उजागर भएको देखाउँछ ।

अनुसन्धानकर्ताहरूले हिमनदीको अस्थिरतामा पग्लने कामले योगदान पुर्‍यायो कि पुर्‍याएन भनेर अनुसन्धान गरिरहेका छन्, तर जलवायु परिवर्तन र यस हप्ताको (हिमनदी) पतनबिचको प्रत्यक्ष सम्बन्ध स्थापित भएको भने छैन ।

**अहिले कस्तो अवस्था छ ?**

पाँच हजारभन्दा बढी नेपाली सेना र प्रहरी कर्मचारीहरूले बाँचेकाहरूको खोजी गरिरहेका छन् र शवहरू निकालिरहेका छन्, जबकि हेलिकप्टरले बाढीबाट काटिएका समुदायहरूलाई पाल, खाना र अन्य आपतकालीन सामग्रीहरू पुर्‍याइरहेका छन् । उद्धारकर्ताहरू पहुँचयोग्य नभएका क्षेत्रहरूमा पुग्दा मृत्यु हुनेको सङ्ख्या बढ्न सक्ने सम्भावना रहेको अधिकारीहरूले चेतावनी दिएका छन् ।

अधिकारीहरूले मूल प्रकोपको स्थानमा नयाँ खतराको पनि निगरानी गरिरहेका छन् ।

नेपालको विपद् प्राधिकरणले बाढी आएको स्थानमा ताल बनेको र पानी बढ्दै गएको बताएको छ । यसले गर्दा यो फुटेर तल्लो तटीय क्षेत्रमा थप बाढी आउन सक्ने चिन्ता बढेको छ ।

यो चेतावनीको कारण त्रिशुली र गण्डक नदी प्रणालीमा रहेका समुदायहरू, जसमा भारतको सीमापारिका क्षेत्रहरू पनि पर्छन्; त्यहाँ चिन्ता थपिएको छ ।

***– एलिजावेथ मेलिमोपोउलस र अन्य***



*नेपालको नुवाकोट जिल्लामा, अगस्ट २६, २०२६ मा अचानक आएको बाढीपछि ड्रोनबाट देखिएको दृश्यमा हिलोले ढाकिएका संरचनाहरू । (रोयटर्स)*

"मैले बाढीले लगभग नौ वटा ट्रक बगाएको देखेँ, जसमा मानिसहरू पनि थिए । यो एउटा हृदयविदारक घटना हो," उनले भने ।

**को हराइरहेको छ ?**

नेपालमा अझै सयौँ मानिस बेपत्ता छन् । पर्यटन विभागले बिहीबार बताएअनुसार बुधबार बिहानदेखि ३४ देशका ६६८ पर्यटक सम्पर्कविहीन भएका छन्, जसमध्ये धेरैजसो पदयात्रा अभियानमा थिए ।

पेइचिङको विदेश मन्त्रालयले नेपालमा बेपत्ता हुनेहरूमा १०० जना चिनियाँ नागरिक रहेको बताएको छ ।

नेपालमा बेपत्ता भएका रिपोर्ट गरिएकाहरूमध्ये निम्न छन् :

- भारत : १७७
- संयुक्त राज्य अमेरिका : ९०
- अस्ट्रेलिया : ३४
- संयुक्त अधिराज्य : ३३
- क्यानाडा : २५

अधिकारीहरूले अझैसम्म सबै बेपत्ता विदेशी नागरिकहरूको पूर्ण राष्ट्रियता विवरण प्रदान गरेका छैनन् ।


अमेरिकी ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले पत्रकारहरूलाई भनेकी छिन् कि वासिङटनले "मुट्ठीभर अमेरिकीहरूलाई उद्धार गरेको छ," साथसाथै "हामीले मद्दत र सहयोगको प्रस्ताव गरेका छौँ" र "सकेसम्म हरेक अमेरिकीलाई उद्धार गर्नमा केन्द्रित छौँ" ।

सीमापारि, चिनियाँ राज्य प्रसारक सीसीटीभीले तिब्बतको केरुङ काउन्टीमा ५५८ जना बेपत्ता भएको बताएको छ, जसमा २६० विदेशी नागरिकहरू पनि छन् ।

विपत्तिमा फसेका धेरैजसो तिब्बतको कैलाश पर्वत र मानसरोवर तालतर्फ यात्रा गरिरहेका तीर्थयात्री थिए ।

**घाइते र उद्धार गरिएकाहरू**

स्थानीय अस्पताल र काठमाडौँमा घाइते भएका कम्तीमा ६५ जनाको उपचार भइरहेको छ । खोजी तथा उद्धार कार्य जारी छ, अधिकारीहरूले चेतावनी दिएका छन् कि टोलीहरू पहुँचयोग्य नभएका क्षेत्रहरूमा पुग्दा मृत्यु हुनेको सङ्ख्या बढ्ने सम्भावना छ ।





दक्षिण अमेरिकी देश ब्राजिलमा राष्ट्रपतीय निर्वाचनको प्रचारप्रसारको क्रममा बाहिया राज्यको साल्भाडोर सहरमा निर्वाचन प्रचार ¥याली गर्दै ब्राजिलका राष्ट्रपति एवं साझा वामपन्थी उम्मेदवार लुइज इनासियो लुला दा सिल्भा अगस्ट २८, २०२६ शुक्रबारका दिन । *तस्बिर : एपी/इराल्डो पेरेस*

# अमेरिका र इरानलाई वार्ता पुनः सुरु गर्न राष्ट्रसङ्घको आह्वान

संयुक्त राष्ट्रसङ्घ, १३ भदौ ( सिन्ह्वा) । संयुक्त राष्ट्रससङ्घका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र इरानलाई कूटनीतिक माध्यमबाट द्वन्द्व अन्त्य गर्न वार्ता पुनः सुरु गर्न आह्वान गर्नुभएको छ ।

युद्धको छ महिनापछि अमेरिका र इरानबिच स्थगित भएको वार्ताको विषयमा महासचिवको दृष्टिकोणबारे सोधिएको प्रश्नमा गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले भन्नुभयो, "लामो समय द्वन्द्व चलिरहनु दुःखद हो, यसको एक मात्र प्रभावकारी उपाय कूटनीतिक समाधान भएकाले संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरान दुवैलाई अर्थपूर्ण वार्तामा संलग्न हुन आग्रह गर्दछौँ ।"

संयुक्त राष्ट्रसङ्घले कतार, पाकिस्तान, इजिप्ट, साउदी अरेबिया र कुवेतको मध्यस्थता प्रयासलाई समर्थन गरेको र महासचिव गुटेरेस उनीहरूसँग सधैँ सम्पर्कमा रहेको डुजारिकले बताउनुभएको छ ।

महासचिवका लागि चिन्ताका विषयहरूमा द्वन्द्वको विनाशकारी मानवीय र आर्थिक परिणामहरू भएको उल्लेख गर्दै यसमा खाद्य आपूर्ति, विश्वव्यापी आर्थिक प्रभाव, मानवीय आवाश्यकताका सामानहरू तथा ऊर्जाको मूल्यमा उच्च वृद्धिलगायतका पक्षहरू समावेश रहेको उहाँले बताउनुभएको छ ।

महासचिवका व्यक्तिगत दूत, जीन अर्नाल्ट, द्वन्द्वको स्थायी समाधानमा पुग्न सम्बन्धित पक्ष र मध्यस्थकर्ताहरूलाई सहयोग गर्न सधैँ उपलब्ध भएको र सम्पर्कमा रहिरहेको प्रवक्ता डुजारिकले बताउनुभएको छ ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेका थिए । यसको बदलामा, इरानले इजरायल र खाडीमा रहेका अमेरिकी सैन्य आधारहरूमा प्रतिआक्रमण गर्‍यो ।

जसको परिणामस्वरूप विश्वव्यापी ऊर्जा व्यापारका लागि प्रमुख समुद्री मार्गको रूपमा सञ्चालित होर्मुजको जलमार्ग अवरुद्ध भएको थियो, जसले तेल र वस्तुहरूको प्रवाहलाई गम्भीर रूपमा प्रभावित बनाइएको थियो ।

गत जुन १८ मा, संयुक्त राज्य अमेरिका र इरानले एक समझदारी पत्रमा हस्ताक्षर गरेका थिए । जसअन्तर्गत दुई देशहरूले अन्तिम सम्झौतामा पुग्न ६० दिनभित्र वार्ता गनुपर्ने तय गरिएको थियो । तर, दुई देशबिच नयाँ तनाव बढेपछि वार्ताको प्रक्रिया पूर्वयोजनाअनुसार अघि बढ्न नसकेकाले नतिजा स्पष्ट हुन सकेको छैन ।

# रुस, चीन र इरानका नेताहरू एससीओ शिखर सम्मेलनमा सहभागी हुँदै

बिस्केक, १३ भदौ (एएफपी) । रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी जिनपिङसहित इरान र भारतका नेताहरू सोमबार किर्गिस्तान जाने भएका छन् । उनीहरू पश्चिमी प्रभावको प्रति-सन्तुलनका रूपमा हेरिएको साङ्घाई सहयोग सङ्गठन (एससीओ) को शिखर सम्मेलनमा सहभागी हुनेछन् ।

एससीओको २५ औँ वार्षिकोत्सवका अवसरमा आयोजना हुने दुईदिने सम्मेलनमा करिब एक दर्जन राष्ट्रप्रमुख सहभागी हुनेछन् । समूहमा रुस, चीन, भारत, पाकिस्तान, इरान, मध्य एसियाका चार राष्ट्र तथा रुसको सहयोगी बेलारुस सदस्य छन् ।

पुटिन र सीले बहुध्रुवीय विश्वको आफ्नो अवधारणा अघि बढाउन तथा पश्चिमविरुद्ध साझा धारणा प्रस्तुत गर्न एससीओका बैठकलाई प्रयोग गर्दै आएका छन् । इरानका राष्ट्रपति मसुद पेजेस्कियन र पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफसहित पुटिन, सी र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी किर्गिस्तानका राष्ट्रपति सादिर जापारोभको अध्यक्षतामा हुने पूर्ण बैठकमा सहभागी हुने कार्यक्रम छ ।

क्रेमलिनका प्रवक्ता युरी उसाकोभका अनुसार पुटिनले पेजेस्कियन र सीसहित अन्य नेतासँग छुट्टाछुट्टै द्विपक्षीय वार्ता गर्नुहुनेछ ।

पुटिन र पेजेस्कियनबिचको भेट अमेरिकी केन्द्रीय गुप्तचर निकाय ( सीआईए) का निर्देशक जोन र्‍याटक्लिफको मस्को भ्रमणको केही दिनपछि हुन लागेको हो । अमेरिकी सञ्चारमाध्यमले उक्त भ्रमणमा युक्रेन र इरानका विषयमा रुसी अधिकारीसँग छलफल भएको हुनसक्ने जनाएका छन् ।

युद्ध र व्यापार तनावबिच सम्मेलन

एससीओले सुरुआतमा आर्थिक तथा क्षेत्रीय सहकार्यमा ध्यान केन्द्रित गरे पनि पछिल्ला वर्षमा रुस र चीनको नेतृत्वमा यसको राजनीतिक महत्त्व बढेको छ । समूहमा १० सदस्य राष्ट्रका अतिरिक्त टर्की, साउदी अरेबिया र कतारसहित १५ संवाद साझेदार तथा अफगानिस्तान र मङ्गोलिया दुई पर्यवेक्षक राष्ट्र छन् ।

एससीओको संस्थापक घोषणापत्रले समूहलाई 'अन्य राज्यविरुद्ध निर्देशित गठबन्धन होइन' भनेको छ । यद्यपि, पुटिन र सीले शिखर सम्मेलनमा पटकपटक पश्चिमा मुलुकको आलोचना गर्दै आएका छन् । यसपटकको सम्मेलन पनि एससीओका केही सदस्य युक्रेन र इरानसँग सम्बन्धित युद्ध तथा अमेरिका र चीनबिचको व्यापार तनावमा रहेका बेला हुँदैछ ।

अमेरिकाले यसै महिना इरानका व्यापारिक साझेदारमाथि सुन, प्रविधि, डिजिटल सम्पत्ति, उड्डयन तथा समुद्री यातायातलगायत क्षेत्रमा थप प्रतिबन्ध लगाएको छ । वासिङ्टनले इरानका सहयोगीमाथि समेत प्रतिबन्ध लगाउने चेतावनी दिएको छ ।

इरानी तेलको प्रमुख आयातकर्ता चीनले आफ्नो हितको दृढतापूर्वक रक्षा गर्ने बताएको छ । सन् १९७९ को इस्लामिक क्रान्तिपछि दशकौँदेखि प्रतिबन्ध सामना गर्दै आएको इरानले आर्थिक दबाबका कारण आफू नझुक्ने बताउँदै आएको छ । यद्यपि, राष्ट्रपति पेजेस्कियनले मुलुकले आर्थिक कठिनाइ सामना गरिरहेको स्वीकार गर्नुभएको छ ।

सन् २०२३ मा एससीओको सदस्य बनेको इरानले सङ्गठनमा आफ्नो सहभागिताले अमेरिकी तथा युरोपेली प्रतिबन्धबाट बच्न सहयोग पुग्ने अपेक्षा गरेको अन्तर्राष्ट्रिय सम्बन्धविज्ञ मोहम्मद हसन नजमीले बताउनुभयो । यद्यपि, सङ्कटका बेला यस्ता गठबन्धनले इरानका समस्या समाधान गर्न सीमित मात्र सहयोग गरेको उहाँको भनाइ छ ।

एससीओले विश्वको करिब ४० प्रतिशत जनसङ्ख्या र विश्वव्यापी कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशत प्रतिनिधित्व गर्ने दाबी गर्छ । तर सदस्य राष्ट्रहरूबिच विभिन्न विषयमा मतभेद छन् । रुस र चीनबिच मध्य एसियामा प्रभाव विस्तार गर्ने प्रतिस्पर्धा छ भने चीनको भारत र पाकिस्तानसँगको सम्बन्ध पनि कहिलेकाहीँ तनावपूर्ण हुने गरेको छ ।

# नेपालको विपत्तिपछि भारतद्वारा हिमनदी निगरानी तीव्र

नयाँदिल्ली, १३ भदौ (एएफपी) । हिमनदी खस्दा आएको मानिएको विनांशकारी बाढीको केही दिनपछि भारतले चीन र नेपालसँग सीमा जोडिएका आफ्ना हिमाली क्षेत्रमा हिमनदी तथा हिमनदीजन्य तालको निगरानी बढाएको अधिकारीहरूले शनिबार बताएका छन् ।

युएस जियोलोजिकल सर्भेका अनुसार बुधबार तिब्बत-नेपाल सीमामा आएको विपत्ति हिमनदी खस्दा उत्पन्न लेदोसहितको तीव्र बहावका कारण भएको थियो । घटनामा करिब तीन हजार मानिस बेपत्ता भएका छन् भने ६३३ जनाको मृत्यु पुष्टि भएको छ ।

हिमनदी खस्नुको यकिन कारण स्पष्ट नभए पनि जलवायु परिवर्तनका कारण विश्वभर हिमनदी तीव्र गतिमा पग्लिँदा यस्ता विपत्तिको जोखिम बढिरहेको वैज्ञानिकहरूले बताएका छन् ।

"नेपालसँग हाम्रो सीमा जोडिएको र भौगोलिक अवस्था पनि समान भएकाले हामीले सम्बन्धित विभागलाई यस क्षेत्रका सबै हिमनदी र ज्ञात हिमनदीजन्य तालको निगरानी गर्न निर्देशन दिएका छौँ", भारतको हिमाली राज्य उत्तराखण्डका विपत्ति व्यवस्थापनमन्त्री मदन कौशिकले भन्नुभयो ।

"हामीले आफ्ना टोलीलाई सतर्क रहन र राज्यका कुनै पनि क्षेत्रमा यस्तै अवस्था सिर्जना भइरहेको छ कि छैन भनेर निगरानी गर्न भनेका छौँ", उहाँले एएफपीलाई बताउनुभयो ।

सरकारी तथ्याङ्कअनुसार उत्तराखण्डमा एक हजार २६६ हिमनदीजन्य ताल छन् । यसका कारण राज्यलाई भारतको संवेदनशील पारिस्थितिक क्षेत्रमध्ये एक मानिन्छ ।

वैज्ञानिकहरूका अनुसार हिमाली हिमनदीले विश्वका करिब दुई अर्ब मानिसलाई आवश्यक पानी उपलब्ध गराउँछन् । तर जलवायु परिवर्तनका कारण ती पहिलेभन्दा तीव्र गतिमा पग्लिरहेका छन् । यसले हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायलाई अप्रत्याशित तथा विनाशकारी विपत्तिको जोखिम बढाएको छ ।

# भ्रष्टाचारको आरोपमा इक्वेडरका पूर्वराष्ट्रपति लेनिन मोरेनोलाई पाँच वर्षको जेल सजाय

क्विटो, १३ भदौ (एपी) । जलविद्युत् आयोजना निर्माणको ठेक्का दिलाउन सहयोग गरेबापत चिनियाँ कम्पनीबाट घुस लिएको अभियोगमा दोषी ठहर भएपछि इक्वेडरका पूर्वराष्ट्रपति लेनिन मोरेनोलाई शुक्रबार पाँच वर्षको जेल सजाय सुनाइएको छ ।

त्रिहत्तर वर्षीय मोरेनो शारीरिक रूपमा अशक्त भएकाले हिँडडुल गर्न कठिनाइ हुने भन्दै अदालतले उहाँलाई घरमै नजरबन्दमा राखेर सजाय भोग्न आदेश दिएको छ ।

मोरेनोलाई राफेल कोरेयाको नेतृत्वमा उपराष्ट्रपति रहेका बेला भएको घुसखोरी योजनामा प्रत्यक्ष सङ्लग्न भएको ठहर गरिएको हो । उहाँकी श्रीमती र छोरीसहित दुई भाइ तथा एक भिनाजुलाई पनि योजनामा सहयोग गरेको



अभियोगमा दोषी ठहर गरिएको छ । श्रीमती र छोरीलाई जनही ३० महिनाको जेल सजाय सुनाइएको छ ।

अदालतले दोषी ठहर गरिएका सबैलाई गैरकानुनी रूपमा प्राप्त रकमको तीन गुणा बराबर रकम ९० दिनभित्र फिर्ता गर्न आदेश दिएको छ ।

मोरेनो भ्रष्टाचार मुद्दामा जेल सजाय पाउने इक्वेडरका तेस्रो पूर्वराष्ट्रपति बन्नुभएको छ । अभियोजकहरूका अनुसार सन् २००८ देखि २०१८ सम्म सञ्चालन भएको भ्रष्टाचार सञ्जालले चिनियाँ कम्पनी सिनोहाइड्रोले निर्माण गरेको परियोजनाको कूल मूल्यको चार प्रतिशत बराबर रकम घुसका रूपमा उठाएको थियो । उक्त रकम स्वदेश तथा विदेशमा भएका विभिन्न कारोबारमार्फत सरकारी अधिकारी र मोरेनोसहितका लाभग्राहीलाई वितरण गरिएको थियो ।

सिनोहाइड्रोले सन् २०१० मा करिब दुई अर्ब अमेरिकी डलरको कोका कोडो सिन्क्लेयर जलविद्युत् आयोजना निर्माण सुरु गरी २०१६ मा इक्वेडर सरकारलाई हस्तान्तरण गरेको थियो । संरचनागत कमजोरीका कारण उक्त आयोजना विवादमा परेको थियो ।

मोरेनो सन् २००७ मा कोरेयाको नेतृत्वमा उपराष्ट्रपति बनेपछि राष्ट्रिय राजनीतिमा चर्चित हुनुभएको थियो । उहाँले २०१३ सम्म उपराष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभयो ।

सन् २०१७ मा मोरेनोले कोरेयासँग सम्बन्धित 'कोरेइस्टा' आन्दोलनका उम्मेदवारका रूपमा राष्ट्रपतिको निर्वाचन जित्नुभएको थियो । उहाँका उपराष्ट्रपति जर्ज ग्लासले पछि पदबाट राजीनामा दिनुभएको थियो र हाल भ्रष्टाचार मुद्दामा जेल सजाय भोगिरहनुभएको छ ।

# नाइजेरियाको जेलमा रहेका पत्रकार १० महिनापछि रिहा

आबिदजान (नाइजेरिया), १३ भदौ (एएफपी) । नाइजरको राजधानी नियामको निजी टेलिभिजन स्टेसन साराउनियाका एक पत्रकारलाई दश महिना हिरासतमा राखेर शुक्रबार रिहा गरिएको टेलिभिजन च्यानलले जनाएको छ । नाइजेरियाली पत्रकार सङ्गठनका अनुसार इब्रो चाइबोउ सैन्य शासनद्वारा पूर्व-परीक्षण हिरासतमा राखिएको अन्तिम पत्रकार थिए ।

नाइजर सन् २०२३ देखि एउटा जुन्टाद्वारा सञ्चालित रहेको छ भने गैरसरकारी संस्थाहरूद्वारा नियमित रूपमा प्रेस स्वतन्त्रता उल्लङ्घन गरेको आरोप लगाइएको छ । सहकर्मी इब्रो चाइबोउले दश महिना जेल परेपछि स्वतन्त्रता पुनः प्राप्त गरेको साराउनिया च्यानलले विज्ञप्तिमार्फत जनाएको छ ।

उहाँलाई नियामेबाट करिब ५० किलोमिटर दक्षिणपश्चिममा रहेको कोल्लो जेलमा राखिएको थियो ।

चाइबोउ सातजना पत्रकारहरू मध्ये एक थिए जसलाई गत नोभेम्बरमा सार्वजनिक व्यवस्थामा खलल पार्न सक्ने कागजातको प्रसारमा संलग्नता रहेको आरोपमा पक्राउ गरिएको थियो ।

प्रहरी हिरासतमा राखिएपछि सारौनियाका निर्देशक मौसा काकासहित चार जनालाई आरोप लगाइएको थियो तर अन्य तीन जनालाई यस अघिनै जमानतमा रिहा गरिएको जनाइएको छ ।

अन्य तीन जना-चाइबोउ, युसुफ सेरिबा, अनलाइन प्रकाशन लेस इकोस डु नाइजरका प्रधानसम्पादक र ले हेरिसन अखबारका निर्देशक ओमारौ केनलाई जेल चलान गरिएको थियो । सेरीबा र केनलाई जुलाईमा अस्थायी रूपमा रिहा गरिएको थियो । गिरफ्तारीहरू जनताबाट आर्थिक सहयोगको आह्वान गर्न सेनाले सिर्जना गरेको कोषद्वारा सरौनियालाई पठाइएको सूचनाको निमन्त्रणा चुहावटसँग जोडिएको थियो । सूचना सामाजिक सञ्जालमा आएपछि अपदस्थ नागरिक राष्ट्रपति मोहम्मद बाजोमका सहयोगीहरूले शासनको आलोचना गर्न प्रयोग गरेको जनाइएको छ ।

# भीषण बाढीपछि अवरुद्ध सञ्चार यसरी भयो पुनःस्थापना

✍ कमलकुमार बस्नेत

काठमाडौँ, १३ भदौ । गत बुधबार बिहान रसुवाको भोटेकोसी नदीमा आएको भिषण बाढीका रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठुलो जनधनको क्षति भयो । बाढी आएलगत्तै सञ्चार सेवा अवरुद्ध भयो, जसले गर्दा आम नागरिकले समयमै सही सूचना पाउन सकेनन् । फलस्वरूप मानिसहरू समयमै सही सूचनाबाट बञ्चित भए ।

मानिसहरूले जे जति सूचना पाए त्यसले आम मानिसमा चिन्ता फैलायो । सामाजिक सञ्जालमा एकपछि अर्को गर्दै आएका बाढीका तस्बिर र भिडियोले तनाव झन बढायो । बाढीका कारण छोटो समयमा लाखौँ मानिसहरू प्रभावित भएपछि सरकारले खोज र उद्धारका लागि तत्काल काम सुरु गर्‍यो । सोही समयमा सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार पुनःस्थापनाका लागि काम सुरु गर्‍यो ।

मन्त्रालयमा समन्वय कार्यान्वयन तथा अनुगमन अधिकृत किरन घिमिरेका अनुसार तत्कालै नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, एनसेल, सशस्त्र प्रहरीको समन्वयमा तत्कालै काम सुरु भयो । “हामीले बाढी आएको दिन दिउँसो २ बजेदेखि नै सञ्चार पुनःस्थापनाका लागि काम गरिसकेका थियौँ, सोही दिन प्रभावित क्षेत्रमै पुगेर अनुगमन गरी कसरी काम गर्ने योजना बनाएका थियौँ”, अनुगमन अधिकृत पण्डितले भन्नुभयो ।

रसुवा, नुवाकोट र धादिङमा सञ्चालनमा रहेका नेपाल टेलिकम (एनटिसी)का १२० र एनसेलका ७८ बिटिएस टावर सञ्चालन थिए । जसमध्ये बाढीका कारण एनटिसीका ३८ र एनसेलका २७ वटा टावरको सेवा अवरुद्ध भएको थियो । कतिपय ठाउँमा टावरमै ठुलो क्षति पुगेको थियो भने कतिपय ठाउँमा टावर सञ्चालनका लागि आवश्यक ऊर्जाको अभाव भइसकेको थियो ।

सरकारले त्यसपछि हेलिकप्टर र सडकमार्गबाट इन्धन, सोलार प्यानल र जेनेरेटर ढुवानी गरेर टावरहरू सञ्चालनको प्रयास गरेको थियो । जसमध्ये हालसम्म एनटिसीका ८६ र एनसेलका ७० वटा बिटिएस टावर सञ्चालनमा आइसकेको सम्बन्धित सेवाप्रदायकले जनाएका छन् । अब केही दिनमा बाँकी एनटिसीका ३८ र एनसेलका आठ वटा टावर सञ्चालनमा ल्याउने गरी काम भइरहेको कम्पनीहरूको भनाइ छ ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडीका अनुसार बाढीबाट प्रभावित क्षेत्रमा नेपाल टेलिकमका कुल १२० वटा टावर थिए । जसमध्ये हाल ८२ वटा पुनः सञ्चालनमा ल्याइएका छन् भने आएका छन् । उहाँका अनुसार केही टावर बाढीबाट पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । साथै बाँकी टावरहरू चाँडोभन्दा चाँडो सञ्चालनमा ल्याउन विद्युत् आपूर्ति र इन्धन व्यवस्थापनलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ । बाढीका कारण अधिकांश साइटमा विद्युत् आपूर्ति अवरुद्ध भएपछि सुरुमा करिब आठ घण्टासम्म ब्याट्री ब्याकअपबाट सेवा सञ्चालन गरिएको थियो । त्यसपछि हेलिकप्टरमार्फत जेनेरेटर र इन्धन प्रभावित क्षेत्रमा पुर्‍याइएको उहाँको भनाइ छ ।

साथै सडक मार्गबाट समेत



त्रिशूलीसम्म जेनेरेटर र इन्धन पुर्‍याइएको र प्रभावित क्षेत्रमा काम गर्ने कर्मचारीलाई आवतजावत गर्न सहज हुने अवस्था र आवश्यक इन्धन तथा अन्य सहयोग उपलब्ध भएमा बाँकी साइटहरू चाँडै सेवा पुनः सञ्चालनमा ल्याइने एनटिसीको भनाइ छ । “बाढीका कारण गल्छीदेखि नुवाकोटसम्मको फाइबर लिङ्क पूर्ण रूपमा अवरुद्ध भएको थियो । फाइबर क्षतिग्रस्त भएपछि ककनीतर्फको आरएएस फाइबरलाई ब्याकअपका रूपमा प्रयोग गरिएको र माइक्रोवेभ लिंक प्रयोग गरेर प्रभावित क्षेत्रका साइटहरू सञ्चालनमा ल्याइएको हो”, उहाँले भन्नुभयो । उहाँका अनुसार टेलिकमले प्रभावित क्षेत्रका आफ्ना एक लाख ६० हजार बासिन्दालाई बुधबारदेखि दुइए दिनका लागि निःशुल्क गरिएको डाटा, एसएमएस र भ्वाइस सेवालाई पाँच दिनसम्मका लागि बढाइएको बताउनुभयो ।

एनसेलका नेटवर्क प्रमुख लीना केशरी कंशाकारका अनुसार रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा आएको बाढी तथा पहिरोका कारण एनसेलका दूरसञ्चार पूर्वाधारमा ठुलो क्षति पुगेको थियो । बाढीका कारण रसुवादेखि करिब ७०-८० किलोमिटरको क्षेत्रमा विभिन्न स्थानमा फाइबर काटिनुका साथै बगाएपछि एनसेलका २७ वटा बीटीएस साइट प्रभावित भएका थिए ।

उहाँका अनुसार त्यसपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, नेपाली सेना तथा विपद् व्यवस्थापनसँग सम्बन्धित निकायको सहयोगमा प्राविधिक टोली परिचालन गरी प्रभावित क्षेत्रमा सेवा पुनःस्थापनाको काम सुरु गरिएको थियो । बाढीपछि अवरुद्ध भएका २७ बिटिएस टावरमध्ये १८ वटा सञ्चालनमा ल्याइसकिएको र अब ९ वटा मात्रै सञ्चालनमा आउन बाँकी रहेको एनसेलले जनाएको छ । ती बिटिएस टावर पनि चाँडै सञ्चालनमा आउने एनसेलको भनाइ छ ।

फाइबरमार्फत सेवा पुनःस्थापना गर्न सम्भव नभएका स्थानमा पुराना माइक्रोवेभ लिंकको प्रयोग गरी टावर सञ्चालनमा ल्याइएको एनसेलले जनाएको छ । साथै, विद्युत् आपूर्ति अवरुद्ध भएका स्थानमा जेनेरेटर सञ्चालनका लागि आवश्यक इन्धनसमेत हेलिकप्टरमार्फत पुर्‍याइएको कम्पनीको भनाइ छ ।

एनसेलले बाढी प्रभावित मानिसहरूका लागि थप ७ दिन निःशुल्क सेवा दिने समेत घोषणा गरिसकेको छ । “हाम्रो यो योगदानले प्रभावित समुदायलाई यो विपद्का बेलामा आफ्ना परिवार तथा आफन्तसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा खटिएका टोलीलाई आवश्यक समन्वय गर्न सहज हुने विश्वास लिएका छौँ । यस कठिन समयमा आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु हामी सबैको जिम्मेवारी हो,” एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भन्नुभयो । यसअघि एनसेलले तीन दिनका लागि निःशुल्क भ्वाइस, एसएमएस र डेटा सेवा घोषणा गरेको थियो ।

एनसेलले नेटवर्क पुनःस्थापनाका क्रममा सहयोग प्रदान गर्ने नेपाल दूरसञ्चार प्राधिकरण, सूचना तथा सञ्चार मन्त्रलय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय, नेपाली सेना, हुवावेलगायतका संस्थाले ठुलो सहयोग गरेको जनाएको छ ।

प्रविधि सेवा प्रदायक कम्पनी हुवावे नेपालका अनुसार कम्पनीले बाढी प्रभावित क्षेत्रमा नेपाल टेलिकम र एनसेलको सहकार्यमा गरी १० वटा महत्त्वपूर्ण हब साइटसहित कुल ७० वटा साइट पुनः सञ्चालन गरेको जनाएको छ । यसमध्ये दुई वटा महत्त्वपूर्ण फाइबर लिङ्क र दुई वटा प्रमुख हब साइटको पुनःस्थापनाले थप २९ साइट पुनः सञ्चालनमा आएको कम्पनीको भनाइ छ । कम्पनीले बाढी प्रभावित क्षेत्रममा सञ्चार पुनःस्थापनाका लागि रेडियो, माइक्रोवेभ र फाइबर कनेक्टिभिटीका लागि साइट तथा ट्रान्समिसन लिंक सुधारमा काम गरेको तथा इन्धन, जनशक्ति, उपकरण तथा सामग्री परिचालनलगायतका लजिस्टिक्स र फिल्ड सहयोगलाई तीव्रता दिइएको जनाएको छ । साथै दुर्गम तथा बाढी प्रभावित क्षेत्रमा आवश्यक परेको अवस्थामा हेलिकोप्टरको सहयोगसमेत लिएको हुवावे नेपालको भनाइ छ । ***(रासस)***

# त्रिभुवन र पोखरा विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीले विपद् उद्धार कोषमा सहयोग गर्ने

काठमाडौँ, १३ भदौ । प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि त्रिभुवन विश्वविद्यालय र पोखरा विश्वविद्यालयले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गर्ने निर्णय गरेका छन् ।

दुवै विश्वविद्यालयका कार्यकारी परिषद्का छुट्टाछुट्टै बैठकले विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिकबाट तहअनुसार निश्चित रकम कट्टा गरी कोषमा जम्मा गर्ने निर्णय गरेका हुन् ।

त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्को शुक्रबार बसेको बैठकले उपकुलपति, रजिस्ट्रार र रेक्टरको एक महिनाको पारिश्रमिक कट्टा गर्ने निर्णय गरेको छ । त्यस्तै, प्राध्यापक तथा प्रशासनतर्फका सोसरहका कर्मचारीबाट मासिक सुरु तलब स्केलको १० दिन बराबर, उपप्राध्यापक, उपप्रशासक, शाखा अधिकृत तथा प्रशिक्षक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट सात दिन बराबरको रकम कट्टा गरिनेछ ।

यसैगरी, मुख्य कार्यालय सहायक, कार्यालय सहायक वा सोसरहका कर्मचारीबाट पाँच दिन तथा श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको पारिश्रमिक कट्टा गरी कोषमा जम्मा गरिने विश्वविद्यालयले जनाएको छ ।

रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायत जिल्लामा आएको भीषण बाढीबाट भएको जनधनको क्षतिपछि राहत, उद्धार तथा पुनःस्थापना कार्यमा योगदान पुर्‍याउने उद्देश्यले सहयोग गर्ने निर्णय गरिएको हो ।

यसैबिच, पोखरा विश्वविद्यालयले पनि कोषमा करिब रु. ७० लाख सहयोग गर्ने भएको छ । विश्वविद्यालयको कार्यकारी परिषद्को भदौ १३ गते बसेको बैठकले पदाधिकारी, शिक्षक तथा कर्मचारीबाट तहअनुसार रकम सङ्कलन गर्ने निर्णय गरेको हो ।

निर्णयअनुसार पोखरा विश्वविद्यालयका उपकुलपतिबाट एक महिनाको तलब बराबर तथा प्राध्यापक, प्रशासक, सहप्राध्यापक, सहप्रशासक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट मासिक सुरु तलब स्केलको १० दिन बराबरको रकम योगदान गरिनेछ ।

त्यस्तै, उपप्राध्यापक, उपप्रशासक, प्रशिक्षक, सहायक प्रशासक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट सात दिन, उपप्रशिक्षक, सहायक प्रशिक्षक, मुख्य सहायक, सहायक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट पाँच दिन तथा श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको सुरु तलब कट्टा गरिनेछ ।

पोखरा विश्वविद्यालयका अनुसार यसरी सङ्कलन हुने रकम करिब रु. ७० लाख पुग्ने अनुमान गरिएको छ । उक्त रकम विपद्बाट प्रभावित परिवार तथा समुदायको राहत, उद्धार तथा पुनःस्थापनामा प्रयोग गरिनेछ । ***(रासस)***

# विभिन्न अस्पतालमा यसरी भइराखेको छ शव व्यवस्थापन

काठमाडौँ, १३ भदौ । रसुवाको भोटेकोसी नदीमा गत बुधबार बिहान आएको बाढीका कारण ठुलो धनजनको क्षति भयो । बाढीले रसुवा, नुवाकोट र धादिङमा ठुलो असर गरेको छ । यसबिचमा अहिले सुरक्षा निकायले उद्धार, खोज र राहतमा जुटिरहेका छन् ।

यद्यपि बाढीमा परेर निधन भएकाहरूको शव सङ्कलन र व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हाल बाढीमा निधन भएकाको शव विभिन्न अस्पतालमा पुर्‍याइएको छ भने यो क्रम जारी छ ।

प्राधिकरणका अनुसार शुक्रबार साँझसम्म फेला परेका ५७९ मध्ये ५११ जनाको शव विभिन्न अस्पतालमा पुर्याइएको छ । जसअनुसार रसुवामा फेला परेका तीन शव जिल्ला अस्पताल धुन्चे रसुवामा राखिएको छ ।

साथै धादिङमा सङ्कलन गरिएका २७ शव पोखरा र १० शव त्रिवि शिक्षण अस्पतालमा राखिएको छ । नुवाकोटमा फेला परेका ३८ शव त्रिवि शिक्षण अस्पतालमा राखिएको छ । चितवनमा फेला परेका १७१ शव जिल्ला अस्पताल भरतपुरमा, चार शव नेशनल सिटी अस्पताल, दुई शव भरतपुर सामुदायिक अस्पताल, दुई शव नारायणी अस्पताल र ४१ शव औद्योगिक व्यावसायिक विकास प्रतिष्ठानमा राखिएको छ ।

तनहुँमा फेला परेका शवमध्ये नौ शव मणिपाल अस्पताल पोखरा, पाँच शव प्रादेशिक अस्पताल दमौली र १४ शव गण्डकी अस्पताल पोखरामा राखिएको छ । गोरखामा भेटिएका शवमध्ये २९ प्रदेश अस्पताल गोरखामा, ११ शव गण्डकी अस्पताल पोखरा र चार शव नुप अस्पताल गोरखामा राखिएको छ ।

नवलपरासी सुस्ता पूर्वमा भेटिएका शवमध्ये ६ मध्यविन्दु नगरअस्पताल चोरमारामा, ३६ गैँडाकोट नगर अस्पतालमा, २२ मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा, चार शव जिल्ला अस्पताल पाल्पा, दुई मिसन अस्पताल पाल्पा, दुई लुम्बिनी अस्पताल पाल्पा र ४१ गण्डकी अस्पताल पोखरामा राखिएको छ ।

पश्चिम नवलपरासीमा फेला परेका शवमध्ये ८ पृथ्वी चन्द्र अस्पताल परासी, ११ लुम्बिनी प्रादेशिक अस्पताल बुटवल रूपन्देही, तीन वा शव भीम अस्पताल भैरहवा र ६ शव पिपरा अस्पताल कपिलवस्तुमा राखिएको प्राधिकरणले जनाएको छ । अन्य शवहरूलाई पनि पायक पर्ने अस्पतालमा लैजाने काम भइरहेको र भेटिएका शवहरू सङ्कलन गरी सम्बन्धित स्थानमा पुऱ्याउने कार्य समेत भइरहेको प्राधिकरणको भनाइ छ । ***(रासस)***

# “भोटेकोसी बाढी प्रभावित क्षेत्रमा सङ्क्रमणको जोखिम बढ्न सक्छ”

काठमाडौँ, १३ भदौ । चिकित्सकले भोटेकोसी बाढी प्रभावित क्षेत्रमा समय बित्दै गएसँगै सङ्क्रमणको जोखिम बढ्न सक्ने भन्दै आवश्यक सतर्कता अपनाउन आग्रह गरेका छन् । अब बिस्तारै मृत्यु भएका मानिस तथा जनावरको शरीर कुहिन थाल्ने र यसले दुर्गन्ध तथा रोग फैलाउन सक्ने भन्दै सतर्क रहन चिकित्सहरूले सबैलाई आग्रह गरेका हुन् ।

सङ्क्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुनले भोटेकोसी बाढीबाट प्रभावित क्षेत्रमा उद्धार तथा राहतसँगै स्वास्थ्य सुरक्षालाई पनि प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको छ । बाढीपछि समय बित्दै जाँदा दूषित पानी, असुरक्षित खानपान, फोहरमैला तथा लामखुट्टेको वृद्धि हुने हुँदा सोही कारण विभिन्न प्रकारका सङ्क्रमण फैलिन सक्ने भन्दै उहाँले यसतर्फ सबै सचेत बन्नुपर्नेमा जोड दिनुभयो ।

“समय बित्दै जाँदा शवहरू कुहिने सम्भावना अत्यधिक रहन्छ । यसले सङ्क्रमणको जोखिम बढ्न सक्छ । दूषित पानी र असुरक्षित खानपानका कारण झाडापखाला, ज्वरोलगायत स्वास्थ्य समस्या देखिन सक्छन् । ब्याक्टेरिया वा भाइरसबाट विभिन्न सङ्क्रमण हुनसक्छ”, डा. पुनले भन्नुभयो । बाढीबाट बाँचेका तथा विस्थापित भएका नागरिकमा आगामी दिनमा झाडापखाला, ज्वरोलगायत स्वास्थ्य समस्या देखिन सक्ने भएकाले यसतर्फ समयमै सबै सचेत बन्नुपर्ने उहाँको भनाइ छ ।

बाढीको पानी र त्यसपछि जम्मा भएको फोहर तथा दूषित पानी वातावरणमा मिसिएर ब्याक्टेरिया र भाइरसको सङ्क्रमण फैलिने जोखिम बढी हुने डा. पुनले बताउनुभयो । बाढीका कारण विस्थापित परिवारलाई सुरक्षित खानपानको व्यवस्था गर्न चुनौती हुने भएकाले यसतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने उहाँको सुझाव छ ।

“विस्थापित अवस्थामा खानपान व्यवस्थापन गर्न चुनौतीपूर्ण हुन्छ । सुरक्षित पानी र खाना नपाउँदा झाडापखाला तथा टाइफाइडको जोखिम बढ्न सक्छ । पानी जम्ने ठाउँ बढेसँगै लामखुट्टे पनि बढ्न सक्छन् र सङ्क्रमणको जोखिम थपिन सक्छ”, उहाँले भन्नुभयो, “बाढीबाट प्रभावित मानिसले घर, सम्पत्ति र आफन्त गुमाएको अवस्थामा उहाँहरूलाई स्वास्थ्य सुरक्षाका सबै उपाय अपनाउन आग्रह गर्नु व्यवहारिक रूपमा कठिन हुने भए पनि उपलब्ध स्रोतबाट सुरक्षित खानेपानी र सफा खानाको व्यवस्था गर्नु अत्यावश्यक छ ।” ***(रासस)***

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप–१०१

**आयोगका सिफारिसहरू**

१. आधुनिक डिजिटल मिडिया नियमन प्रणाली विकास गर्ने

अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्लेटफर्मको जिम्मेवारी, अनलाइन हानिको व्यवस्थापन र मध्यस्थ उत्तरदायित्व (Intermediary Liability) परिभाषित गर्ने अधिकारमा आधारित नियमन ढाँचा अपनाउने । यस ढाँचामा GDPR (General Data Protection Rule) जस्ता अन्तर्राष्ट्रिय डेटा-सुरक्षा सिद्धान्तका मूलभूत तत्त्वहरू समेटेर प्रयोगकर्ताको गोपनीयता र व्यक्तिगत डाटाको सुरक्षित प्रबन्ध सुनिश्चित गरिनुपर्ने ।

२. साइबर ब्युरोको सञ्चालन क्षमता सुदृढ गर्ने

सामाजिक सञ्जाल विश्लेषण, दुष्प्रचार पहिचान र डिजिटल जोखिमको समयमै प्रत्युत्तरका लागि विशेषीकृत "सोसल मिडिया इन्टेलिजेन्स" एकाइसहित ब्युरोलाई पर्याप्त स्रोत-साधनले सुसज्जित र अधिकार प्राप्त बनाउने ।

३. राष्ट्रिय डिजिटल फरेन्सिक क्षमता वृद्धि गर्ने

सामाजिक सञ्जाल-सम्बन्धित डिजिटल प्रमाणको छिटो र प्राविधिक रूपमा विश्वसनीय विश्लेषण गर्न आवश्यक उपकरण, दक्षता र विशेषज्ञता विकास गर्ने ।

४. प्लेटफर्म जिम्मेवारी र सहकार्य सुनिश्चित गर्ने

नेपालमा सेवा प्रदान गर्ने सामाजिक सञ्जाल कम्पनीहरूलाई पारदर्शी सामग्री व्यवस्थापन प्रक्रिया लागू गर्ने, हानिकारक गतिविधि रिपोर्ट गर्ने र वैधानिक अनुसन्धानमा समयमै सहकार्य गर्न कानुनी रूपमा बाध्य बनाउने ।

५. डिजिटल साक्षरता र प्रतिरोधात्मक क्षमता विस्तार गर्ने

नागरिकलाई गलत सूचना पहिचान गर्न र सुरक्षित रूपमा अनलाइन व्यवहारमा संलग्न हुन सहयोग गर्ने राष्ट्रिय स्तरको डिजिटल साक्षरता कार्यक्रम सुरु गर्ने ।

६. बहु-एजेन्सी समन्वय संरचना स्थापना गर्ने

साइबर, सञ्चार, सुरक्षा तथा फरेन्सिक निकायहरूसहित राष्ट्रिय Computer Emergency Response Team (CERT) लाई समेट्ने स्थायी समन्वय संरचना निर्माण गर्ने, जसले वास्तविक समय (Real Time) मा सूचना आदान-प्रदान गर्न र डिजिटल खतराहरूका विरुद्ध एकीकृत प्रतिक्रिया सुनिश्चित गर्न सक्षम बनाउँछ ।

७. पूर्व-चेतावनी र द्रुत-प्रतिक्रिया प्रणाली विकास गर्ने

दुष्प्रचार वा गलत सूचनाको अचानक वृद्धिजस्ता हानिकारक अनलाइन ढाँचाहरू पहिचान गर्न र अवस्था बिग्रिनुअघि नै हस्तक्षेप गर्न सक्ने प्रणाली स्थापना गर्ने ।

८. बाह्य प्रभाव तथा दखल रोकथाम सुदृढ गर्ने

सामाजिक सञ्जाल प्रयोग गरेर सार्वजनिक धारणा हेरफेर गर्ने वा राष्ट्रिय घटनामा हस्तक्षेप गर्ने विदेशी गतिविधिहरू पहिचान गरी प्रतिरोध गर्ने निगरानी संयन्त्र सुदृढ गर्ने ।

विदेशी पक्षहरूले डिजिटल प्रविधिको प्रयोग गरी सामाजिक सञ्जालमार्फत सार्वजनिक मत, राजनीतिक स्थिरता वा आन्तरिक मामिलामा प्रभाव जमाउन खोज्ने गतिविधि पहिचान र अवरोध गर्ने निगरानी क्षमतामा सुधार गर्ने ।

९. अन्तर्राष्ट्रिय सहकार्यका लागि MLAT प्रक्रिया प्रारम्भ गर्ने

विदेशमा रहेको डिजिटल प्रमाण वैधानिक रूपमा प्राप्त गर्न Mutual Legal Assistance Treaty (MLAT) प्रक्रियाको विकास सुरु गर्ने । यस प्रकारको प्रकृया अपनाउँदा सीमापार अनलाइन अनुसन्धानमा प्रभावकारी सहकार्य सहज हुने अपेक्षा गर्न सकिन्छ ।

१२.६. CDR/BTS Data को विश्लेषण तथा निष्कर्ष

प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीको मोबाइल नम्बर ९८५१२०५५५५ मा भदौ २३ र २४ गते गृहमन्त्री रमेश लेखकका पी.ए. जनक भट्टले चार पटक सम्पर्क गरेको देखिन्छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई भदौ २४ गते एक पटक सम्पर्क गरेको देखिन्छ । नेपाली सेनाका मेजर गणेश खड्कासँग २३ र २४ गते २३ पटक एक अर्काले दुवैको मोबाईल नम्बरमा सम्पर्क गरेको देखिन्छ ।

प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीको मोबाइल नम्बर ९८५१२८०३५५ मा २४ गते सुदन गुरुङले २ पटक फोन सम्पर्क गरेको देखिन्छ । DIGP ओम रानासँग २३ र २४ गते ५३ पटक एक अर्काले दुवैको मोबाइल नम्बरमा सम्पर्क गरेको देखिन्छ । IGP दानबहादुर कार्कीसँग भदौ २३ र २४ गते १४ पटक एक अर्काले दुवैको मोबाइल नम्बरमा सम्पर्क गरेको देखिन्छ । DSP सुन्दर तिवारीसँग भदौ २४ गते चार पटक एकअर्काले दुवैको मोबाइल नम्बरमा सम्पर्क गरेको देखिन्छ । पुर्व IGP चन्द्र कुवेर खापुङसँग भदौ २३ र २४ गते ४२ पटक एक अर्काले दुवैको मोबाइल नम्वरमा सम्पर्क गरेको देखिन्छ । काठमाडौं प्रमुख जिल्ला अधिकारी छवि रिजालसँग भदौ २४ गते चार पटक एकअर्काले दुवैको मोबाइल नम्बरमा सम्पर्क गरेको देखिन्छ । पुर्वप्रधानमन्त्री के.पी.वलीका P.A. राजेश बज्राचार्यलाई भदौ २४ गते एक पटक सम्पर्क गरेको देखिन्छ । AIGP सिद्धिविक्रम शाहसँग भदौ २३ र २४ गते ३० पटक एकअर्काले दुवैको मोबाईल नम्बरमा सम्पर्क गरेको देखिन्छ ।

उल्लेखित चार्टको अध्ययनअनुसार भदौ २३ र २४ गते प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीले विभिन्न व्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ ।

# राहतमा दोहोरोपन रोक्न काठमाडौँ प्रशासनको एकद्वार प्रणाली

काठमाडौँ, १३ भदौ । काठमाडौँ जिल्ला प्रशासन कार्यालयले रसुवा, नुवाकोट र धादिङका बाढीपीडितका लागि राहत सामग्री सङ्कलन गरी एकद्वार प्रणालीमार्फत वितरण गर्ने व्यवस्था मिलाएको छ ।

उक्त कार्यालयले शनिबार सूचना जारी गर्दै काठमाडौँमा रहेका विभिन्न सङ्घसंस्था, व्यक्ति, कम्पनी, क्लब तथा नागरिकस्तरबाट बाढीपीडितका लागि खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा तथा अन्य घरायसी सामग्री सहयोग गर्न इच्छुकलाई राहत सामग्री उपलब्ध गराउन आग्रह गरेको हो ।

सूचना अधिकृत खिमराज भुसालले बुधबार आएको बाढीले रसुवा, नुवाकोट, धादिङलगायत नदी किनारका क्षेत्रमा ठुलो क्षति पुऱ्याएपछि प्रभावित परिवारलाई तत्काल आवश्यक सामग्री उपलब्ध गराउन राहत सङ्कलनको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

"काठमाडौँमा सङ्कलन हुने राहत सामग्री जिल्ला प्रशासन कार्यालयमा एकद्वार प्रणालीमार्फत सङ्कलन गरिनेछ । त्यसपछि सम्बन्धित जिल्लाका सुरक्षा निकाय, राहत तथा उद्धारमा प्रत्यक्ष खटिएका काठमाडौँस्थित सुरक्षा निकाय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वय र निर्देशनमा सामग्री व्यवस्थापन गरी सम्बन्धित पीडितसमक्ष पुऱ्याइनेछ," उहाँले भन्नुभयो ।

राहत सामग्री सङ्कलन तथा समन्वयका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौँकी प्रशासकीय अधिकृत सुजनकुमारी बर्देवालाई सम्पर्क व्यक्ति तोकिएको छ । उहाँसँग ९८४१७९८५४२ मा सम्पर्क गर्न सकिने उक्त कार्यालयले जनाएको छ ।

यसैगरी, नगद सहयोग गर्न इच्छुकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको आधिकारिक खातामा वा कार्यालयले उपलब्ध गराएको क्यूआरमार्फत मात्र रकम जम्मा गर्न सक्ने व्यवस्था गरिएको सूचनामा उल्लेख छ ।

राहत सामग्री वितरणमा दोहोरोपन नहोस् र वास्तविक प्रभावितसम्म सहयोग पुग्न सकोस् भन्ने उद्देश्यले एकद्वार प्रणाली अपनाइएको कार्यालयले जनाएको छ । *(रासस)*

# भोटेकोसीमा बाढीको जोखिम कायमै

काठमाडौँ, १३ भदौ । जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गतको बाढी पूर्वानुमान महाशाखाले रसुवाको भोटेकोसी क्षेत्रमा बाढीको जोखिम रहेको जनाएको छ ।

भोटेकोसी र त्रिशूलीमा हाल जलसतह सामान्य रहे पनि माथिल्लो क्षेत्रमा नदी थुनिएर बनेको ताल फुट्ने जोखिम रहेकाले नदी किनारमा आवतजावत नगर्न र पूर्वसूचनामा ध्यान दिन महाशाखाले आग्रह गरेको छ ।

महाशाखाका बाढीविद् विनोद पराजुलीले चीन सरकारबाट प्राप्त सूचना तथा भू-उपग्रह तस्बिरको प्रारम्भिक विश्लेषणअनुसार भदौ १० गते बाढी आएको स्थानमा नदी थुनिएर बनेको तालको आकार बढ्दै गएको र उक्त ताल फुट्ने जोखिम रहेको राससलाई जानकारी दिनुभयो ।

"नदी थुनिएर बनेको ताल बढ्दै गएको र फुट्ने जोखिम देखिएको छ । ताल फुटेमा फेरि पानीसँगै ढुङ्गा, माटो तथा गेग्रान बगेर तल्लो तटीय क्षेत्रमा अचानक बाढी आउन सक्ने जोखिम छ," उहाँले भन्नुभयो, "भोटेकोसीमा बाढी आएपछि हाल भोटेकोसी र त्रिशूली नदीको बहाव सतर्कता तहभन्दा तल रहे पनि तल्लो तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । बाढीको खतरा बढेमा पूर्वसूचना जारी गर्नेछौँ ।"

महाशाखाले उक्त जोखिमलाई मध्यनजर गर्दै अर्को सूचना जारी नभएसम्म भोटेकोसीको तल्लो तटीय क्षेत्रका बासिन्दा, यात्रु तथा उद्धारमा खटिएका व्यक्तिलाई नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रबाट टाढा सुरक्षित स्थानमा रहन आग्रह गरेको छ । *(रासस)*

***देशको...***

- रास्वपा सरकार प्रमुख सारा शक्ति उद्धार र राहतमा केन्द्रित गरेको दाबी गर्छन् । तर, रसुवाको उत्तरगया गापा अध्यक्षले सङ्घीय सरकार आकाश र सामाजिक सञ्जालमा देखिए पनि पीडितले अनुभूति गर्ने गरी काम नभएको दाबी गर्छन् ।
- भोटेकोसीमा आएको भेलबाढीमा परेर कोसीका १०८ जना, मधेसका ६४ जना, गण्डकीका ६८ जना, लुम्बिनीका २११ जना, कर्णालीका १३४ जना, सुदूरपश्चिमका १३१ र वागमतीको नुवाकोटका १३५, काभ्रेका ४५, सिन्धुलीका ३८, धादिङका ११३, मकवानपुरका ७० सम्पर्कविहीन भएको सार्वजनिक भयो । भक्तपुरका २८ जना सम्पर्कविहीन भएकोमा १ जनाको शव फेला परेको अवस्था छ । हराउने विदेशीको सङ्ख्या ६४४ पुगेको सार्वजनिक भयो । चीनको तिब्बतको बाढीपहिरोमा भदौ १९ गते चिनिया ३ जनाको मृत्यु र ५५८ जना (यसमध्ये २६० जना विदेशी) बेपत्ता भएको उल्लेख छ ।

# निगमले हवाई उद्धारका लागि ४० हजार ८४० लिटर हवाई इन्धन पठायो

काठमाडौँ, १३ भदौ । नेपाल आयल निगमले भोटेकोसी नदीमा बाढी गएपछि खोज तथा उद्धारमा संलग्न हेलिकप्टरका लागि ४० हजार ८४० लिटर हवाई इन्धन नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकमा पठाएको छ ।

निगमले आज प्रेस विज्ञप्ति जारी गरेर खोज तथा उद्धारका लागि गत भदौ १० गतेदेखि नियमित रूपमा नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकमा उपलब्ध गराउँदै आइरहेको जनाएको छ ।

सोही ठाउँबाट हेलिकप्टरका लागि हवाई इन्धन रिफिलिङको काम हुँदै आइरहेको छ । निगमका अनुसार भदौ १० मा १२ हजार लिटर, भदौ ११ मा हेलिकप्टर र ट्र्याङकरमार्फत १० हजार ८४० लिटर पठाएको थियो ।

त्यसैगरी भदौ १२ गते नौ हजार लिटर र भदौ १३ गते नौ हजार लिटर हवाई इन्धन उपलब्ध गराएको छ । निगमको थानकोटस्थित वाग्मती प्रादेशिक कार्यालयबाट बाढी प्रभावित क्षेत्रमा रहेका पेट्रोलपम्पलाई भदौ १३ गतेसम्म ७२ हजार लिटर पेट्रोल र ६२ हजार लिटर डिजेल उपलब्ध गराइएको निगमले जनाएको छ ।

निगमले बाढी प्रभावित स्थानमा रहेका सेल्टरमा नेपाल ग्यास उद्योगबाट नुवाकोटमा २३२ थान सिलिण्डर ग्यास उपलब्ध गराएको छ । त्यसैगरी एलपी ग्यास उद्योग सङ्घबाट पनि नुवाकोट र रसुवाका लागि १५० थान सिलिन्डर राहत कार्यमा पठाइएको जनाएको छ ।

***जात्रा...***

भनपाले प्रत्येक वर्ष टोल टोलका सांस्कृतिक गुरुहरूलाई सम्मान गर्दै आएको छ । नाचगान र वाद्यवादनको सीप र अनुभव भएका अग्रजहरूको सम्मान अर्को राम्रो पक्ष हो । जीवनभर नि:स्वार्थपूर्वक विनापारिश्रमिक नयाँ पुस्तालाई नाचगान र वाद्यवादन सिकाउने गुरुहरूको सम्मान स्वागतयोग्य छ । सरकारले गर्नुपर्ने अग्रज गुरुहरूको सम्मान स्थानीय तहले गर्नु उपयुक्त नै मान्नुपर्छ । यहाँका वाद्यवादनको विकास र विस्तार गर्न नयाँ पुस्तामाझ हस्तान्तरण गराउन वाद्यवादनको प्रतियोगिता पनि नपाले गरिरहेको छ । यी विभिन्न पाइलाबाट नाचगान र वाद्यवादन नयाँ पुस्तामा हस्तान्तरण भइरहेको देखिन्छ । यसले यहाँका नाचगान र वाद्यवादनले जीवन्तता पाइरहनेछ । अत: नपाले थालेका यी विभिन्न गतिविधिको निरन्तरता आवश्यक छ ।

राजनीतिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्य भक्तपुरको गाईजात्राको विशेषता

भक्तपुरको गाईजात्राको क्रममा परम्परागत घिन्ताङघिसी नाच (लठी जुधाएर खेलिने नाच) सँगै राजनीतिक व्यवस्था र समसामयिक राजनीतिक स्थितिमाथि व्यङ्ग्य भक्तपुरको गाईजात्राको विशेषता बनेको छ । शनिबार सम्पन्न यो वर्षको गाईजात्रामा पनि यस्तै देखिएको छ ।

गाईजात्राको क्रममा पछिल्लो वर्षभरि (यो वर्षको गाईजात्रादेखि अर्को वर्षको गाईजात्रासम्म) जति जना भक्तपुर नगरपालिकावासीको निधन हुन्छ, सामान्यत: उति नै सङ्ख्यामा ताहासाँ ( गाईको प्रतीक) लाई बाजागाजाका साथ नगर परिक्रमा गराउने गरिन्छ । जुन घरमा मानिसको मृत्यु भएको हो, त्यही घरबाट निस्केर सुरू हुने जात्रा भक्तपुर नगर परिक्रमा गरी त्यही घरमा पुगेपछि सम्पन्न हुन्छ । परम्परागत घिन्ताङघिसी व्यङ्ग्यात्मक घिन्ताङघिसी सुरू गर्ने गरिन्छ ।

भक्तपुर नगरको गाईजात्रा आठ रात नौ दिनसम्म गर्ने प्रचलन छ । प्रत्येक वर्ष जनै पूर्णिमाको दिनबाट सुरू हुने यहाँको जात्रा कृष्ण अष्टमीसम्म चल्ने गर्दछ । जात्राको यो अवधिमा प्रत्येक दिन साँझ नगरका टोल टोलमा घिन्ताङघिसीसहित विभिन्न नाच, नाटक, ख्याल (प्रहसन) प्रदर्शन गर्ने गरिन्छ ।

**सापारुको आकर्षक घिन्ताङघिसी**

घिन्ताङघिसी नाच यस पर्वको महत्त्वपूर्ण आकर्षण र विशेषता हो । धाँ, लालाखिं, बाजाको स्वर, ताल र लयमा नाचिने यो घिन्ताङघिसीमा पहिले एकले अर्कासँग मुसल (लुसी जुधाएर नाचिने नाच हो । निर्धारित बाटो भएर नगर परिक्रमा गर्ने यो घिन्ताङघिसी नाच दिनभर नै चल्छ । साना बालबालिकाको साँचा र उमेर पुगेका व्यक्तिहरूको ताहासा (ताहामचा) घुमाइन्छ । साँचा र ताहामचा पुरुषको पुरुष भेषमा र स्त्रीको स्त्रीको भेषमा बनाइन्छ । यसबाहेक अन्य विभिन्न नाचहरू पनि ल्याइएको हुन्छ । विशेषत: सो दिन माक प्याखं र लाखे प्याखं ल्याइन्छ । यही दिन देश विदेशका घटनालाई लिएर पनि घिन्ताङघिसी प्रदर्शन गरिएको हुन्छ । उक्त प्रदर्शनमा व्यङ्ग्यात्मक कार्टुन, व्यङ्ग्यात्मक चित्र र व्यङ्ग्यात्मक दृश्य प्रदर्शन गरिएको हुन्छ । यस अर्थमा सो घिन्ताङघिसी नाच व्यङ्ग्यात्मक या घोचपेच गर्ने सामाजिक र राजनीतिक व्यङ्ग्य प्रदर्शनी पनि हो ।

सापारुको दिन नौ जोर लुगा लगाउनुपर्ने, नौ थरी खाने कुरा खानुपर्ने र नौ पटक टोल घुम्नुपर्ने भनाइ पनि छ । केही वर्षयता घिन्ताङघिसी नाचमा विदेशी पर्यटकको पनि सहभागिता हुन थालेको छ । नाचमा विभिन्न देशका पर्यटकले हातहातमा लौरो लिएर घिन्ताङघिसी नाचेका थिए ।

घिन्ताङघिसी नाचसँगै हनुमान नाच, लाखे नाच, जङ्गली नाच र माक प्याखं अर्थात् बाँदर नाचसमेत प्रदर्शन गरिएको छ । जात्रा समापनको क्रममा लाकुलाछेँबाट साँझ परालबाट बनेको भैलद्य र ताहामचा नगर परिक्रमा गरेपछि जात्रा समापन हुने परम्परा छ ।

परालबाट बनेको भैरव र अजिमाको ताहामचा निस्किएपछि अन्य ताहामचा निकाल्न नहुने परम्परा छ ।

"बचत गरौं, भविष्य बनाऔं"
**ख्वप बचत तथा ऋण सहकारी संस्था लि.**
**Khwopa Saving & Credit Co-operative Society Ltd.**
भ.न.पा.-२, ब्यासी, भक्तपुर । फोन नं. ०१-६६१९४६३

**निमन्त्रणा**

नेपाल मजदुर किसान पार्टीका सचिव **का. प्रेम सुवाल**ज्यूको प्रमुख आतिथ्यतामा यस ख्वप साकोसको **१९ औं स्थापना दिवस तथा संस्थाको नवनिर्मित भवनको समुद्घाटन** कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त समारोहमा तपाईको गरिमामय उपस्थितिको निम्ति हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
मिति : २०८३ भाद्र १५ गते, सोमबार
समय : बिहान ७:00 बजे
स्थान : ब्यासी, भक्तपुर

**राजकुमार लघु**
अध्यक्ष
ख्वप साकोस

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा